एघारौं गाउँसभामा गाउँपालिका उपाध्यक्ष **श्री सिता थापाद्वारा** प्रस्तुत

# आँधीखोला गाउँपालिकाको

# आर्थिक वर्ष २०७९/८० को बजेट मन्तव्य


**आँधीखोला गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**कृषि, स्याङ्जा**


**मितिः २०७९ असाढ १० गते**

*"कृषि, पर्यटन समुन्नत आँधीखोला गाउँपालिकाको आधार, सेवा, विकास, सुशासन र सम्वृद्धि हाम्रो कार्यभार"*

# आँधीखोला गाउँपालिकाको एघारौं गाउँसभा
# आ.व. २०७९/०८० को वार्षिक बजेट तथा कार्यक्रमको मन्तव्य

***आदरणीय सभाध्यक्ष ज्यू,***

***प्रमुख प्रशासकीय अधिकृत ज्यू,***

***गाउँसभाका सदस्य ज्यूहरु,***

सम्पूर्ण कर्मचारीहरू तथा उपस्थित महानुभावहरू र गाउँपालिकाको आधिकारिक सामाजिक सञ्जालबाट आगामी आर्थिक वर्ष २०७९/०८० को राजश्व र व्यय (बजेट) को अनुमानित को विवरण सुनिरहनु भएका स्वदेश र विदेशमा रहनुभएका आँधीखोलाबासी आमाबुबा, दाजुभाई, दिदिबहिनीहरु लगायत सम्पूर्ण महानुभावहरु ।

❖ संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको आधारस्तम्भको रुपमा रहेको स्थानीय तह निर्वाचन, २०७९ सम्पन्न भएको छ । यस निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र, स्वच्छ, भयरहित तवरमा सम्पन्न गर्न योगदान गर्नुहुने आम नागरिक, राजनीतिक दल, निर्वाचन आयोग र राष्ट्रसेवक लगायत सबैमा हार्दिक धन्यबाद व्यक्त गर्न चाहन्छु । यस निर्वाचनको प्रतिस्पर्धाबाट आँधीखोलावासी आम समुदायको अमूल्य मताधिकार मार्फत यस गाउँपालिकाको सभा सदस्यको गरिमामय पदमा निर्वाचित भई आउनु भएकोमा सम्पूर्ण सभा सदस्य ज्यू हरूमा हार्दिक आभार र कृतज्ञता सहित सभा सदस्य ज्यूहरू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, कर्मचारी मित्रहरू लगायत उपस्थित सम्पूर्णलाई यो ऐतिहासिक गरिमामय सभामा हार्दिक स्वागत गर्दछु ।

❖ ऐतिहासिक जनआन्दोलनको जगमा स्थापना भएको संघीय लोकतन्त्रिक गणतन्त्र हामी नेपालीको लामो सङ्घर्षबाट प्राप्त उपलब्धी हो । म नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना एवं राजनीतिक परिवर्तनको लागि नेपाली जनताले पटक पटक गरेका निरङ्कुशता विरुद्धका ऐतिहासिक जन आन्दोलनहरू एवं सशस्त्र सङ्घर्षका क्रममा राष्ट्र र जनताको लागि आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात वीर शहीदहरु प्रति गरिमामय सभा मार्फत भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै बेपत्ता घाईते नागरिकहरु प्रति आदरभाव र परिवारजनप्रति गहिरो सहानुभूति प्रकट गर्दछु । मुलुकको सार्वभौमीकता, राष्ट्रियता,भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता, स्वाभिमान एवं दीगो शान्ति, स्थायित्व, विकास, सम्वृद्धि, सामाजिक न्यायको क्षेत्रको अग्रणी भूमिकामा नेतृत्व गर्नुहुने आदरणीय अग्रजहरू प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

❖ कमजोर अर्थतन्त्र, बढ्दो महङ्गी र पेट्रोलियम पदार्थको मूल्यवृद्धिका कारण शिथिल भएको अर्थतन्त्रलाई पुनरुत्थान, जनस्वास्थ्यको रक्षा र जनजिविकाका सबाललाई सुचारु बनाउने गहन जिम्मेबार हाम्रो काँधमा रहेको छ । सीमित साधन, स्रोत र बजेटको परिधिभित्रबाट असीमित ईच्छा, आकाङक्षा र योजनाहरूलाई समेट्दै दीगो, प्रभाबकारी र किफायती योजना कार्यान्वयन मार्फत आम आँधीखोलावासी समुदायलाई सार्थक समृद्धिको प्रत्याभूति दिन हामी प्रतिबद्ध छौ ।

- आगामी आर्थिक वर्ष २०७९/०८० को बजेट तर्जुमा गर्दा आँधीखोला गाउँपालिकाको विकासको आवश्यकता, दिर्घकालिन बिकासका लक्ष्य,संबिधानको अनुसूचीमा स्थानीय तहलाई प्राप्त अधिकारहरुको सीमरेखाभित्र रही सहभागितामूलक योजना तर्जुमा प्रक्रियाको अवधारणा अनुरुप नेपालको संबिधान, पन्ध्रौ पञ्चबर्षीय योजना, राष्ट्रिय योजना आयोगबाट प्राप्त मार्गदर्शन, दीगो विकासका लक्ष्यहरु, गण्डकी प्रदेश सरकारको आवधीक योजना तथा मार्गदर्शनहरु, आँधिखोला गाउँपालिकाको प्रथम आवधिक योजना, विषयगत समितिहरुको बैठक, राजनीतिक दल, बिद्यतबर्ग, नागरिक समाज, आम नागरिक, निजी क्षेत्र लगायत अन्य सरोकारवालाहरु संग प्रत्यक्ष अप्रत्यक्ष छलफल र अन्तरक्रिया गरी प्राप्त सुझावहरु का आधारमा आगमी आ.व. २०७९/०८० का लागि आँधिखोला गाउँपालिकाको एघारौं गाउँ सभाको प्रथम बैठकबाट पारित बार्षिक नीति तथा कार्यक्रमलाई मुख्य आधार लिएको छ।
- नेपालको संबिधानको धारा २३० को उपधारा (१) र स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा(७१) को प्राबधान बमोजिम आँधिखोला गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस एघारौं गाँउसभाको दोस्रो पूर्ण बैठकमा आर्थिक वर्ष २०७९/०८० को राजश्व र ब्ययको विवरण (बजेट) को अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु। प्रस्तुत **बजेटलाई आयातबाट उत्पादन तर्फ**, **जोखिमबाट समष्टिगत आर्थिक स्थिरता तर्फ** र **बञ्चितिकरणबाट समाबेशिता तर्फको** प्रस्थान शुरुबिन्दुको बजेटको रुपमा प्रस्तुत हुने अपेक्षा गरेको छु।
- स्थानीय स्रोत र साधनको उच्चतम उपयोग गर्दै गाउँको चौतर्फी विकासका लागि गाउँ सभाद्वारा स्वीकृत आ. व. ०७९/०८० को नीति तथा कार्यकमको साथै गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरेको आर्थिक वर्ष ०७९/०८० मा अवलम्बन गरिने बजेट तथा कार्यक्रमको आधारमा यो बजेट तयार गरिएको छ। प्रस्तुत बजेट तथा कार्यक्रम तयार गर्दा गाउँवासीहरुको विकासको आवश्यकता, नेपाल सरकारले दिएको मार्गदर्शन, नेपालको संविधान, स्थानीय सरकार शासन सञ्चालन ऐन, गाउँपालिकाको आवधिक योजना, संघीय एवं प्रदेश सरकारबाट प्राप्त गरेका एवं गर्ने वित्तीय समानीकरण, सशर्त अनुदान, राजस्व बाडफाड एवं आन्तरिक श्रोत समेतलाई मुख्य आधार बनाइएको छ। जनताले आफ्ना आवश्यकताहरूलाई सम्बोधन गर्ने योजनाहरू आफ्नै सहभागितामा छनौट गर्न सकुन भन्ने उद्देश्यले बस्ति तथा टोल स्तरबाट भेला छलफल गरी योजना संकलन गर्दै जन आकांक्षा समेट्दै जनप्रतिनिधिहरूको विकासको चाहना पुरा गर्न मौजुदा कानुनी व्यवस्थाको परिधिमा रही विभिन्न चरणहरू पार गर्दै सहभागिता मूलक योजना तर्जुमा प्रक्रियाको अवधारणा अनुरूप प्रस्तुत बजेट तथा कार्यक्रमहरू तयार पारिएको छ।

***सभाध्यक्ष ज्यू,***

सर्व प्रथम म गत आ.व. २०७७/०७८ को वास्तविक यथार्थ आम्दनी र खर्चको विवरण प्रस्तुत गर्न चहान्छु ।

**आम्दानी तर्फ**

संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान ३७ करोड ९४ लाख ६९ हजार ६ सय ३१, राजश्व बाडफाडँ तर्फ ४ करोड २३ लाख ३ हजार ६ सय ४१, गत आ.व. को जिम्मेबारी सहित आन्तरीक आय तर्फः ७ करोड २४ लाख ९० हजार ३ सय ३१, अन्य विविध क्षेत्रको आय तर्फः ५ करोड ९० लाख ४६ हजार ४ सय ७३, गरी जम्मा कुल आयः **५५ करोड ३३ लाख १० हजार ७६ रुपैयाँ** हुन गएको ।

**व्यय तर्फः**

चालु खर्च तर्फः २८ करोड ३ लाख ६६ हजार २ सय ४१, पूँजीगत खर्च तर्फः १३ करोड ९४ लाख ४७ हजार १ सय ७५, वित्तिय एवं अन्य व्यवस्था तर्फः ५ करोड ७१ लाख ९९ हजार ५ सय ७६ , गरी कुल जम्मा **कुल खर्चः ५० करोड ५४ लाख ४२ हजार ४ सय ५३** खर्च हुन गई चालु आ.व. २०७८/०७९ का लागि **७ करोड ६२ लाख ९७ हजार ८४ रुपैयाँ** अ.ल्या. भइ जिम्मेवारी हस्तान्तरण हुन गएको ।

***अब म चालू आ.व. को प्रस्तावित एवं संसोधित आय व्यय को विवरण प्रस्तुत गर्न चहान्छु ।***

चालू आ. व. २०७८/०७९ को सम्पूर्ण कारोबार सकिन अझै केही समय बाँकी रहेकोले हालसम्मको वास्तविक आय व्यय विवरण र आर्थिक बर्षको मसान्त सम्मको शंसोधीत आय व्यय अनुमान प्रस्तुत गर्न चाहन्छु ।

*हालसम्म प्रस्तावित आय अनुमानका विभिन्न शिर्षकहरुबाट रू. ३४ करोड ४८ लाख ८७ हजार वास्तविक आम्दानी हुन गएकोमा खर्च तर्फ चालू शिर्षकमा कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च र आर्थिक सामाजिक सांस्कृतिक शैक्षिक सामाजिक न्याय तथा समावेशिकरण र सुशासन तर्फ (सशर्त समेत) को कुल बजेट मध्ये हाल सम्मको खर्च रु २० करोड ५७ लाख ७० हजार (६८.५ प्रतिशत) र पुँजीगत तर्फ १० करोड ६२ लाख ३१ हजार ( ५०.०१ प्रतिशत ) रहेको छ ।*

***चालू आ.व. २०७८/०७९ को प्रस्तावित एवं संसोधित आय अनुमानः***

यस आर्थिक वर्ष २०७७/०७८ को नगद मौज्दात **७ करोड ६२ लाख ९७ हजार ८४ रुपैयाँ**,

**आन्तरिक आयतर्फ** कर, दस्तुर, सेवा, शुल्क, महसुल, राजश्व वाँडफाँड समेत गरी जम्मा रु ६८ लाख,

नगद सहभागितामा पुँजीगत तर्फ रु ५० लाख तथा चालू कार्यक्रमको कृषि अनुदान र अन्य कार्यक्रमको लागि ३० लाख गरी **कूल ८० लाख** हुने अनुमान गरिएको थियो । त्यस्तै, संघीय सरकार बाट वित्तीय समानीकरण अनुदान बापत रु ८ करोड ७३ लाख, संघीय सरकारको राजस्व बाँडफाडबाट रु ५ करोड ७७ लाख ४२ हजार, सशर्त अनुदान तर्फ रु २१ करोड ६४ लाख, संघीय सरकार समपूरक अनुदान रु २ करोड ८ लाख, संघीय सरकार विशेष अनुदान रु १ करोड ३३

लाख, गण्डकी  प्रदेश सरकारको वित्तीय समानीकरण अनुदान ९५ लाख ४० हजार, गण्डकी प्रदेश सरकारको राजस्व बाँडफाँट रु ३२ लाख ७९ हजार, प्रदेश समपूरक अनुदानबाट रु ५० लाख , प्रदेश सरकार शसर्त अनुदान चालू ५० लाख, प्रदेश सरकार विशेष अनुदान ५० लाख गरी कुल **रु. ५१ करोड ४४ लाख ५८ हजार ८४ रुपैयाँ** अनुमान गरिएकोमा,

**संसोधित आय तर्फः**

यस आ.व. २०७८/०७९ मा जिम्मेवारी हस्तान्तरण भई आएको अ.ल्या. रकम  रु. **७ करोड ६२ लाख ९७ हजार ८४ रुपैयाँ**, **आन्तरिक आयतर्फ** कर, दस्तुर, सेवा, शुल्क, महसुल, राजश्व वाँडफाँड  समेत गरी जम्मा रु ७० लाख, नगद सहभागितामा पुँजीगत तर्फ रु ३० लाख तथा चालू कार्यक्रमको कृषि अनुदान र अन्य कार्यक्रमको लागि  ३५ लाख गरी **कूल ६५ लाख** हुने त्यस्तै,  संघीय सरकार बाट वित्तीय समानीकरण अनुदान बापत रु ८ करोड ६० लाख, संघीय सरकारको राजस्व बाँडफाडबाट रु ५ करोड ७० लाख, सशर्त अनुदान तर्फ रु २१ करोड १२ लाख, संघीय सरकार समपूरक अनुदान रु २ करोड ५ लाख, संघीय सरकार विशेष अनुदान रु १ करोड ३० लाख, गण्डकी  प्रदेश सरकारको वित्तीय समानीकरण अनुदान ९५ लाख ४० हजार, गण्डकी प्रदेश सरकारको राजस्व बाँडफाँट रु ३२ लाख ७९ हजार, प्रदेश समपूरक अनुदानबाट रु ५० लाख , प्रदेश सरकार शसर्त अनुदान चालू ५० लाख, प्रदेश सरकार विशेष अनुदान ५० लाख गरी कुल **रु. ५० करोड ५३ लाख १६ हजार ८४ रुपैयाँ** संसोधित आय अनुमान प्रस्तुत गर्दछु ।

***चालू आ.व. २०७८/०७९ को प्रस्तावित एवं संसोधित व्यय तर्फः***

कुल व्यय मध्ये हाल सम्म चालू तर्फ कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च र आर्थिक सामाजिक सांस्कृतिक शैक्षिक सामाजिक न्याय तथा समावेशिकरण र सुशासन तर्फ (सशर्त समेत)को कुल बजेट मध्ये हाल सम्मको खर्च रु २० करोड ५७ लाख ७० हजार (६८.५ प्रतिशत) र पुँजीगत तर्फ १० करोड ६२ लाख ३१ हजार ( ५०.०१ प्रतिशत ) रहेको छ ।

**संसोधित व्यय तर्फः**

चालु खर्च तर्फः २४ करोड ३२ लाख, पूँजीगत खर्च तर्फः १२ करोड ९७ लाख, वित्तिय एवं अन्य व्यवस्था तर्फः १ करोड ७३ लाख १६ हजार ८४ , गरी कुल जम्मा **कुल खर्चः ३९ करोड २ लाख १६ हजार** ८४ खर्च हुन गई चालु आ.व. २०७८/०७९ का लागि **११ करोड ५१ लाख** अ.ल्या. भइ जिम्मेवारी हस्तान्तरण हुन जाने संसोधित व्यय अनुमान गरिएको छ ।  यसमा सामाजिक सुरक्षा भत्ता तर्फरको रकम उल्लेख गरिएको छैन ।

***यस गाउँसभाका आदरणीय सभाध्यक्ष ज्यू,***

अव म सर्बप्रथम आगामी आर्थिक वर्ष २०७९/०८० को बजेटका उद्देश्यहरू पेश गर्दछुः -

- गाउँपालिकाको आर्थिक, सामाजिक एवं पूर्वाधार विकासको सम्भावनालाई मूर्त रूप दिने।
- संक्रामक लगायत सबै प्रकारका रोग र विपतबाट नागरिकको जीवन रक्षा गर्दै जनजीवनलाई सहज र सुरक्षित एवम् क्रियाशिल बनाउने।
- गाउँपालिकाभित्र रहेका सामाजिक, आर्थिक रूपमा पिछडिएका वर्गको उत्थान गर्दै गरिबी न्यूनिकरण मार्फत दीगो विकासको लक्ष्य प्राप्त गर्ने।
- सुशासनलाई प्रवर्द्धन गर्दै जनताको काम छिटो छरितो रूपमा सम्पादन गर्ने।
- कृषि लक्षित कार्यक्रम तथा युवा लक्षित कार्यक्रम मार्फत आय आर्जन तथा रोजगारी वृद्धि गर्ने।
- संघीय एवं प्रदेश सरकारले लिएका आर्थिक, सामाजिक एवं मानविय विकासका सुचाकाङ्क हरुमा उल्लेखिय वूद्वि गरी आँधीखोलाबासीको जीवनस्तर अभिवृद्धि गर्ने।
- ग्रामीण क्षेत्रमा विकासका पूर्वाधारहरु तयार गरी बसाईसराई नियन्त्रण गर्दै आकर्षक केन्द्रको रुपमा विकास गर्ने।
- गाउँपालिकाको नीति तथा कार्यक्रममा प्रस्तुत भएका गौरवका चालू आयोजनाहरूलाई पूर्ण रूपमा सम्पन्न गर्ने।
- सामाजिक सुरक्षा कार्यक्रमलाई थप सशक्त एवम् व्यवहारिक बनाउने बाकी रहेका ठूला पूर्वाधारका योजनाहरू सम्पन्न गर्ने।
- पर्यटन पूर्वाधार विकास गरी गाउँपालिकावासीलाई रोजगारी सृजना गरी आयस्तर बढाउने।

***उल्लेखित उद्वेश्यहरु हासिल गर्नका लागि प्रस्तावित बजेटमा देहाय बमोजिमका क्षेत्र गत र क्रमागत प्राथमिकता निर्धारण गरेको छु।***

- आँधीखोला गाउँपालिकाको सार्वजनिक शिक्षामा गुणस्तरियता अभिवृद्धिका गरी गाउँपालिकालाई शैक्षिक केन्द्रको रुपमा विकास गर्ने।
- स्वास्थ्य सम्बन्धी जोखिमबाट नागरिकलाई सुरक्षित राख्न र गुणस्तरीय स्वास्थ्य सेवाको दायरा विस्तार गर्दै स्वास्थ्य पूर्वाधार निर्माण तथा स्तरोन्नती र स्वास्थ्य जनशक्ति विकास एवं प्राथमिक स्वास्थ्य सेवा तथा उपाचारात्मक सेवाहरु प्रदान गर्ने।
- कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी आय आर्जनको प्रमुख श्रोतको रुपमा विकास गर्दै ग्रामीण अर्थतन्त्रको सबलिकरण गर्ने।
- आगामी वर्षभित्र सम्पन्न गर्ने गरी बहुवर्षिय आयोजनाको तीव्र कार्यान्वयन,

- पालिकाबासी सबै घरधुरीहरुमा आधारभूत खानेपानीको पहुँच स्थापित गर्दै स्वच्छ, सफा खानेपानी आम नागरिकका घरधुरीमा पुर्याउने ।
- सडक सञ्जाल बिस्तार एवं पालिका भित्रका सडकहरुको स्तर उन्नती गर्दै बाह्रै महिना सडक यतायत सञ्चालन हुने व्यवस्था मिलाउने ।
- गाउँपालिकाको क्षेत्रगत रुपमा आवश्यक पूर्वाधार संरचनाहरु निर्माण गरी  पूर्वाधार सेवाहरुको पहूँच स्थापित गर्ने ।
- यस पालिकाको पर्यटकिय संभावनाहरुको उजागर गर्दै पर्यटन क्षेत्रलाई आय आर्जनको प्रमुख  स्रोत को रुपमा विकास गर्ने ।
- विभिन्न जातजाति, धर्म, संस्कृति, कलाको संरक्षण गर्दै महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग, आदिबासी जनजाति, दलित, पिछडिएको वर्ग लगायत आर्थिक सामाजिक रुपमा कमजोर वर्गको उत्थान गर्दै सामाजिक न्याय र समतामूलक समाज निर्माण गर्ने ।
- संघीयताको कार्यान्वयन, गुणस्तरीय तथा पहुँच युक्त सार्वजनिक सेवा प्रवाह, उत्तरदायी तथा पारदर्शी शासन प्रणाली सुदृढीकरण गरी आँधीखोलाबासी जनताको जीवनस्तर अभिवृद्धि गर्दै ***"समृद्ध नेपाल, सुखी नेपाली"*** *को*  राष्ट्रिय लक्ष्य पुरा गर्ने ।

***आदरणीय सभाध्यक्ष ज्यू, सभासद् ज्यू हरू एवं उपस्थित महानुभावहरू,***

***"कृषि र पर्यटन समुन्नत आँधीखोला गाउँपालिकाको आधार, सेवा विकास सुशासन र सम्बृद्धि नै हाम्रो कार्यभार"*** *भन्ने*  मूल नाराका साथ आँधीखोला गाउँपालिकाको समृद्धिको यात्रालाई अगाडि बढाउने दीर्घकालिन सोच अनुरूप एघारौं गाउँसभाको पहिलो बैठकबाट पारित नीति तथा कार्यक्रममा उल्लेखित पक्षहरुलाई  कार्यान्वयनका लागि **सहभागितात्मक योजना तर्जूमा प्रकृया**का विभिन्न चरणहरु पार गर्दै ८२ औ गाउँ  कार्यपालिकाको बैठकबाट पारित गरी पेश गरेको आ.व २०७९/०८० को बजेट तथा कार्यक्रमहरूमा भएको **अनुमानित आय तथा व्ययको विवरण बजेट** प्रस्तुत गर्न चाहन्छु ।

***आदरणीय सभाध्यक्ष ज्यू, सभासद् ज्यूहरू एवं उपस्थित महानुभावहरू ,***

***अब म आगामी आर्थिक वर्ष २०७९/०८० को  लागि अनुमानित आय-व्यय प्रस्तुत गर्न अनुमति चाहन्छु ।***

## आय तर्फ

गत आर्थिक वर्षको नगद मौज्दात ११ करोड ५१ लाख , आन्तरिक आयतर्फ कर, दस्तुर, सेवा, शुल्क, महसुल, राजश्व वाँडफाँड  समेत गरी जम्मा रु ८२ लाख, नगद सहभागितामा पुँजीगत तर्फ रु ५० लाख तथा चालू कार्यक्रमको कृषि अनुदान र अन्य कार्यक्रमको लागि ३० लाख गरी कूल ८० लाख हुने अनुमान गरिएको छ । त्यस्तै संघीय सरकार

बाट वित्तीय समानीकरण अनुदान बापत रु ९ करोड ३२ लाख, संघीय सरकारको राजस्व बाँडफाडबाट रु ६ करोड ९९ लाख ४८ हजार, सशर्त अनुदान चालू तर्फ रु १९ करोड २७ लाख, संघीय सरकार समपूरक अनुदान रु १ करोड ५० लाख, संघीय सरकार विशेष अनुदान रु २ करोड ५० लाख, सशर्त अनुदान पूँजीगत तर्फ रु २ करोड ७७ लाख, गण्डकी प्रदेश सरकारको वित्तीय समानीकरण अनुदान ८७ लाख, गण्डकी प्रदेश सरकारको राजस्व बाँडफाँट रु ४० लाख , प्रदेश समपूरक अनुदानबाट रु ६० लाख , प्रदेश सरकार विशेष अनुदान ४० लाख, सडक बोर्ड रु २५ लाख गरी कुल ५८ करोड र जेष्ठ नागरिक, एकल महिला, विधवा, बालपोषण र अपाङ्ग भत्ता समेतको **सामाजिक सुरक्षा भत्ता** वितरणका लागि १३ करोड १८ लाख गरी कूल बजेट **७१ करोड १८ लाख** हुने अनुमान गरिएको छ ।

## <u>व्यय तर्फ</u>

### चालू खर्च

| | |
|---|---|
| कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च एवम् कार्यक्रम | ६ करोड ६३ लाख |
| आर्थिक, सामाजिक,सांस्कृतिक,सामाजिक, सुशासन, न्याय तथा समानता, लैङ्गिक तथा समावेशिकरण तर्फ | ५ करोड २३ लाख |

### पुँजीगत खर्च

| | |
|---|---|
| पुँजीगत खर्च तथा पूर्वाधार विकास, निर्माण | १८ करोड ८५ लाख |

### सशर्त, समपूरक,विशेष (संघ र प्रदेश सहित)

| | |
|---|---|
| हस्तान्तरित सशर्त कार्यक्रम | २७ करोड २९ लाख |

### सामाजिक सुरक्षा भत्ता तर्फ

| | |
|---|---|
| जेष्ठ नागरिक, एकल महिला, विधवा, बालपोषण र अपाङ्ग भत्ता समेतको **सामाजिक सुरक्षा भत्ता** | १३ करोड १८ लाख |

*उल्लेखित बजेटको क्षेत्रगत मुख्य मुख्य बाडफाँडको विवरण देहाय बमोजिम रहेको छ ।*

## कृषि विकास तथा पशुपंक्षी विकास कार्यक्रम तर्फः

- बेरोजगार समस्या न्युनिकरणका साथै कृषिको आधुनिकरण, विशिष्टीकरण र व्यवसायीकरण गर्ने गाउँपालिकाको नीति तथा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न कृषि तथा पशु क्षेत्रमा उच्च प्राथमिकताको साथ बजेट विनियोजन गरेको छु ।
- ***"हात हातमा कृषि सामाग्री गाउँ गाउँमा रोजगारीको अभियान अनुरूप"*** भन्ने मुल नाराका साथ निर्वाहमुखी कृषि प्रणालीबाट व्यावहारिकतातर्फ उन्मुख गराउन कृषकलाई मौरीपालन, च्याउको बिउ, उन्नत तरकारीको बिउ, फलफूलको बिरुवा, प्लास्टिक टनेल, प्लास्टिक पोखरी, माछाको भुरा, आधुनिक कृषि औजार तथा उपकरण प्रयोग गरि कृषिमा प्रोत्साहन र आत्मनिर्भर हुनुको साथै बजारीकरणको लागि कृषकहरूसँगको सहकार्य तथा साझेदारी एवम् सह लगानीमा अनुदान सहितको कार्यक्रमको लागि **रु ४० लाख** बजेट विनियोजन गरेको छु ।
- खाद्य तथा पोषण सुरक्षाको प्रमुख आधारका रुपमा रहेका जौ, उवा, फापर, चिनो, कागुनो, लट्टे आदि स्थानीय रैथाने बालिको प्रवर्धनका लागि रु **रु १० लाख २० हजार** बजेट विनियोजन गरेको छु ।
- कृषि तथा पशु सेवाका **एक गाउँ एक प्राविधिक सेवाका** कर्मचारीहरूको तलव भत्ताका लागि **रु १३ लाख** र कृषि स्नातक प्राविधीकको लागि **रु ४ लाख ८० हजार** बजेट विनियोजान गरेको छु ।
- कृषकको यथार्थ विवरण संकलन गरी कृषि विकास रणनिति तयार गर्नको लागि **कृषक दर्ता तथा व्यवस्थापन र कृषि सम्बन्धी तथ्यांक अध्यावधिक** कार्यक्रम लाई प्रभावकारी ढङ्गले सञ्चालन गर्न किसान सूचीकरण कार्यक्रमको लागि **रु ३ लाख** विनियोजन गरेको छु ।
- गाउँपालिका स्तरीय कृषि पशुपंक्षी तथा मत्स्य विकासको अद्यावधिक कार्यक्रम निरन्तरताको लागि **रु १ लाख** बजेट व्यवस्था गरेको छु ।
- चालू आ.व २०७८/०७९ मा स्थापना भएका कृषि तर्फका साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम निरन्तरताका लागि **रु ५ लाख** बजेट व्यवस्था गरेको छु ।
- सुन्तला जातका फलफूलको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमको निरन्तरताको लागि **रु ६ लाख बजेट** विनियोजन गरेको छु ।
- धरातलीय उचाइ र मौसमअनुसार **किविको** साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) कार्यक्रमको निरन्तरताको लागि **रु ६ लाख** बजेट व्यवस्था गरेको छु ।
- बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम निरन्तरताको लागि **रु ७ लाख** बजेट विनियोजन गरेको छु ।
- पौष्टिक तत्त्वले भरीपूर्ण दूधमा आत्मनिर्भर बन्न कृषकहरुसँगको गाई भैंसी पकेट विकास कार्यक्रम संचालन गर्न **रु २५ लाख बजेट** विनियोजन गरेको छु ।

- रेबिज रोगको नियन्त्रण कार्यक्रम अन्तर्गत **रु २ लाख बजेट** विनियोजन गरेको छु ।
- **"कृषि उत्पादनमा अभिवृद्धि, आँधीखोला गाँउपालिकाको समृद्धि"** भन्ने मूल नाराका साथ कृषकको जीवनस्तरलाई समुन्नत बनाउनको कृषक तालिमको लागि **रु २ लाख बजेट** विनियोजन गरेको छु ।
- फौजी कीरा, सलह कीरा तथा विभिन्न रोगका कारण उत्पन्न हुने जोखिम न्यूनिकरणका लागि **रु २ लाख बजेट** विनियोजन गरेको छु ।
- गाउँपालिका भरिका कृषकको आय वृद्धि गर्न कृषिमा किसानको लागत कम गर्न मध्यम प्रविधियुक्त **बहुउदेश्यीय नर्सरी स्थापना** संचालन कार्यक्रमको लागि **रु ५ लाख** बजेट विनियोजन गरेको छु ।
- भुइँ तथा डाले घाँस प्रवर्द्धन अन्तर्गत जै घाँसको बीउ वितरणका लागि **रु २ लाख बजेट** विनियोजन गरेको छु ।
- **कृषकको श्रम , कृषककै मूल्य** कायम गर्न कृषकले उत्पादन गरेका कृषि उपजको सहज बजारीकरणको लागि संकलन केन्द्रको आवश्यकता महसुस गरि कृषि उपज बजार पूर्वाधार निर्माणको लागि **रु १० लाख** बजेट व्यवस्था गरेको छु ।
- कृषि क्षेत्रमा जग्गा बाझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै बाँझो रहेको खेतियोग्य जग्गालाई खनजोत गरी उत्पादनयोग्य बनाई हावापानी सुहाउँदो तरकारी तथा फलफूल खेती गर्ने कृषकलाई प्रोत्साहन गर्न **रु ५ लाख बजेट** विनियोजन गरेको छु ।
- उन्नत जातका पशुको उत्पादन तथा विकास गर्न पशुको नस्ल सुधार कार्यक्रम (कृतिम गर्भाधान) को लागि **रु २ लाख ५० हजार** बजेट विनियोजन गरेको छु ।
- मासुमा आत्मनिर्भर रहने उद्देश्यको साथ बाख्रा पालक किसानको प्रोत्साहन तथा **बाख्रा पालन कार्यक्रम**लाई प्रभावकारी बनाउन बाख्राको खोर सुधार कार्यक्रमको लागि **रु ६ लाख** बजेट विनियोजन गरेको छु ।
- समय समयमा हुने विभिन्न प्राकृतिक प्रकोप तथा अन्य कारणले बाली तथा पशुपंक्षीमा हुने जोखिम न्यूनीकरण गर्नको लागि **कृषि बाली तथा पशुपंक्षी बिमा कार्यक्रम** तथा सचेतना कार्यक्रमको लागि **रु ३ लाख बजेट विनियोजन** गरेको छु ।
- उत्कृष्ट कृषकलाइ पुरस्कृत एवम् प्रोत्साहन गर्ने लक्ष्यको साथ कृषि तथा पशु मेला एवम् प्रदर्शन एवं प्रवर्धनको लागि **रु २ लाख** बजेट विनियोजन गरेको छु ।
- कृषकले उत्पादन गरेका कृषि उपजलाई **न्युनतम समर्थन मुल्य** कायम गरी बजारीकरण गर्न स्थानीय सहकारी सँगको साझेदारीमा उत्पादनमा आधारित अनुदान कार्यक्रमको लागि रु **रु ५ लाख** बजेट विनियोजन गरेको छु ।
- न्यून आय भएका गरिब, दलित तथा पिछडिएको समुदायको आयआर्जन र सहुलियताको लागि लागत साझेदारीमा कुखुराको चल्ला वितरणको लागि **३ लाख** बजेट विनियोजन गरेको छु ।
- कृषि तथा पशु क्षेत्रमा पछिल्लो समयमा नयाँ र विभिन्न प्रकारका रोगहरू, हानिकारक कीरा तथा कीटाणुहरू जस्तै सलह ,फौजीकीरा र बाँदरले बालीनालीमा नोक्सान बनाएका छन् । **बाँदर नियन्त्रण**,वालि संरक्षण तथा कृषि क्षेत्रमा आइपर्न सक्ने हानिकारक कीरा तथा रोगको नियन्त्रण तथा रोकथामको लागि **रु ५ लाख** बजेट विनियोजन गरेको छु ।

- **माटोको अम्लियपन, क्षारीयपन** तथा विविध सुष्म तत्वहरुको मात्रा परीक्षण गरी माटो सुधारको लागि सामग्री तथा प्रविधि हस्तान्तरण गर्न माटो परीक्षण कार्यक्रमको **रु १ लाख** बजेट विनियोजन गरेको छु ।
- रासायनिक मलको प्रयोगले माटोको उर्वरा शक्ति मात्रै नभएर वातावरण र स्वास्थ्यमा प्रतिकूल असर पारेको हुँदा बजेटमा प्राङ्गारिक मल उत्पादन तथा प्रयोगमा बढाउन तालिम र अनुदानको बजेटमा व्यवस्था गरेको छु ।
- कृषकले उत्पादन गरेका वस्तुहरूको बजार प्रवर्धनको लागि प्रचार प्रसार गर्न बजेटमा व्यवस्था गरेको छु ।
- कृषि तालिम आइपिएम पाठशाला, भैंसी पालन तालिम, गाई पालन तालिम, बाख्रा पालन तालिम, तरकारी खेती तालिम, अमिलो जातका फलफूलको बगैँचा व्यवस्थापन तालिम, चैते धान खेती प्रविधि तालिम, टर्की बट्टाइ, हाँस, कालिज, कुखुरा, खरायो पालन लगायत पशु तथा पंक्षी पालन तालिम, पशु तथा पक्षीलाई स्थानीय स्तरको दाना बनाउने तालिमको  लागि **रु ३ लाख** बजेट विनियोजन गरेको छु ।
- कृषिमा उत्पादन सहज बनाउन निश्चित समयका लागि विपन्न र जोखिममा परेका कृषकलाई प्राथमिकता दिनको लागि साना र ठूला सिँचाइ आयोजना सञ्चालन गर्न बजेटमा व्यवस्था गरेको छु ।
- ***"आँधीखोलाको उत्पादन किनौं आँधीखोलालाई समृद्ध बनाउ"*** अभियान अन्तर्गत गाउँपालिका स्तरीय हाटबजार तथा सब्जी मन्डी, कोसेली घर स्थापना गर्न बजेटमा व्यवस्था गरेको छु ।
- प्रत्येक वडामा कृषि उपज संकलन केन्द्रको क्रमशः व्यवस्था गरिनेछ सोको लागि बजेटमा व्यवस्था गरेको छु ।
- कृषि र पशु सेवाका प्राविधिक कर्मचारीको ज्ञान,क्षमता अभिवृद्धि गर्न तालिमको लागि बजेटमा व्यवस्था गरेको छु ।
- कृषकहरूको भकारोमा खेर गइरहेको गोबर र गहुँतबाट प्राङ्गारिक मल निर्माणको लागि कृषकहरूसँगको सह लगानीमा गोठ सुधार तथा मलखाद सुधार को लागि **रु ३ लाख** बजेट विनियोजन गरेको छु ।
- गाउँपालिका क्षेत्र भित्रका विभिन्न वडाहरूमा पशु स्वास्थ्य सेवालाई प्रभावकारी रूपमा संचालन गर्न पशु स्वास्थ्य शिविरलाई  **रु ३ लाख** बजेट विनियोजन गरेको छु ।
  - पशुहरूमा देखिन महामारीजस्ता रोगको निदानका तथा उपचारका लागि पशूजन्य औषधी खरिदका लागि **रु ८ लाख** बजेट विनियोजन गरेको छु ।
  - वडा नं  २ अन्तर्गत कृषकहरुको अध्ययन, अवलोकन भ्रमणको लागि **रु ३ लाख बजेट** विनियोजन गरेको छु ।

*कृषि तथा पशुपंक्षी क्षेत्रको समग्र विकासका लागि  कुल  **रु १ करोड ९६ लाख** बजेट विनियोजान गरेको छु ।*

## उद्योग, वाणिज्य तथा व्यापार

स्थानीय स्तरमा आवश्यक वस्तु तथा सेवाको उत्पादन गरी आर्थिक उपार्जन गर्ने उद्देश्यले कृषि तथा वन पैदावारमा आधारित उद्योग, पर्यटन उद्योग, परम्परागत तथा घरेलु उद्योगको विकास र विस्तारको लागि बजेटमा व्यवस्था गरेको छु ।

- गुणस्तरहीन एवं म्याद नाघेका बस्तुहरूको बिक्री वितरणलाई रोक्न प्रभावकारी कदम चालिने छ। एकाधिकार र कृत्रिम अभावको स्थिति रहन नदिन प्रभावकारी नियमन तथा अनुगमनको व्यवस्था गरिनेछ। **उपभोक्ता हित संरक्षण तथा बजार अनुगमन**को लागि बजेटमा व्यवस्था गरिएको छ।
- वन तथा वनस्पति जन्य बस्तुहरूको उत्पादनको लागि साना उद्योग स्थापना गर्न बजेटमा व्यवस्था गरेको छु।
- आय आर्जन र बचततर्फ उन्मुख गर्न सीप विकास कार्यक्रमको लागि **रु ४ लाख** बजेट विनियोजन गरेको छु।
- अति गरीब परिवारका लागि कम्तीमा **१० जनाको समूह**मा हुने गरी साझा सुविधा केन्द्रको स्थापना गरी सम्भाव्य उत्पादनका उत्पादकत्व र बजार प्रतिष्पर्धा विकासको लागि **रु ५ लाख** बजेट विनियोजन गरेको छु।
- समूहगत रुपमा प्रविधिको हस्तान्तरण गरी प्रविधि हस्तान्तरणबाट गाउँपालिकाको विकासका लागि रु १ लाख ४० हजार बजेट विनियोजन गरेको छु।
- **लघु उद्यम विकास कार्यक्रमको** लागि निम्न बमोजिमको बजेट व्यवस्था गरेको छु -
  - गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन र उद्यमीको पुनर्ताजगी तथा एडभान्स सीप विकास तालिम कार्यक्रमको लागि **रु ४ लाख ८० हजार** बजेट विनियोजन गरेको छु।
  - तालिम पश्चात् प्रतिस्पर्धामा छनौट भएका व्यवसाय विकास सेवा प्रदायक मार्फत लघु उद्यम विकास मोडेलमा नयाँ उद्यमी सिर्जना गर्न **रु २३ लाख ८० हजार** बजेट विनियोजन गरेको छु।

## पर्यटन

- गाउँपालिका भित्रका ऐतिहासिक , सांस्कृतिक, धार्मिक ,पूरातात्विक र प्राकृतिक सम्पदाहरू धार्मिक स्थल, देवालय,शिवालय, गुम्बाहरूको को संरक्षण, प्रवर्धन गरी पर्यटन विकास गर्न बजेट विनियोजन गरिएको छ। सिरुबारी, अन्धाअन्धी, श्रवण कुमार, पन्चासे,डहरे, ढड्डु बुडो हिले, जुम्ली ठान,काला भैरव कोट, चुले सिद्ध गुफा लगायत अन्य संभाब्य क्षेत्रलाई पर्यटकिय क्षेत्रको रूपमा विकास गर्ने र सम्भावित पर्यटकिय एवं सांस्कृतिक क्षेत्रहरूको पहिचान र विकास गरी दीगो आर्थिक विकास र रोजगारीको सृजना गर्दै अगाडी बढ्नको लागि बजेटमा व्यवस्था गरेको छु। **पर्यटन प्रवर्धन तथा महोत्सव संचालनको लागि ५ लाख** बजेट विनियोजन गरेको छु।
- पर्यटन पूर्वाधार विकास आयोजना अन्तर्गत सेतिदोभान प्रहरी चौकीदेखि साधना गार्डेन जाने पदमार्ग तथा दृश्य अवलोकन टावर निर्माणको लागि रु **१० लाख** बजेट विनियोजन गरेको छु।

- गाउँपालिका क्षेत्र भित्र रहेका महत्वपुर्ण पर्यटकीय स्थलहरुको पर्यटकीय पूर्वाधार विकासको लागि **रु २० लाख** बजेट विनियोजन गरेको छु ।
- पर्यटन उद्योगलाई प्रोत्साहन गर्दै गाउँपालिका भित्र संचालनमा रहेका होमेस्टे प्रवर्धनको लागि एवं नयाँ ठाउँको सम्भाव्यताको लागि बजेटमा व्यवस्था गरेको छु ।
- **जाऊँ है अन्धाअन्धी श्रवणकुमार** प्रचार प्रसार प्रवर्धन कार्यक्रम गर्नको लागि **रु ५ लाख** बजेटमा व्यवस्था गरेको छु।
- आँधीखोला गाउँपालिका भित्रका संभाव्य पर्यटकीय क्षेत्रहरुको जगेर्ना गर्न आन्तरिक पर्यटन प्रवर्धनको लागि **रु ५ लाख बजेट** विनियोजन गरेको छु ।

*समग्र पर्यटन क्षेत्रको बिकासका लागी कुल ४८ लाख बजेट विनियोजन गरेको छु ।*

## प्रधानमन्त्री रोजगार कार्यक्रम तथा गरिबी निवारण

- युवा रोजगारीको लागि रूपान्तरण पहल एवम् रोजगार तथा खाद्यान्नको लागि काम र विपन्न श्रमिकको लागि काम कार्यक्रमको लागि **रु ३१ लाख ५१ हजार** बजेट विनियोजन गरेको छु ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सीपयुक्त दक्ष जनशक्ति, रोजगारीको क्षेत्र र रोजगारसँग सम्बन्धित अन्य कार्यक्रमसँग आवद्द गरी यथार्थ उत्पादनमुलक रोजगारी सृजना गर्न **रु १० लाख ४८ हजार** बजेट विनियोजन गरेको छु ।
- रोजगार केन्द्र सुदृढीकरण तथा सञ्चालन खर्च ,जनशक्ति परिचालनको सामाग्रीको लागि **रु १७ लाख १ हजार** बजेट विनियोजन गरेको छु ।
- वैदेशिक रोजगारीलाई व्यवस्थित एवं सुरक्षित गर्नका लागि सुरक्षित आप्रवासन कार्यक्रम (सामी) कार्यक्रमका लागि रोजगार प्रवर्धन कार्यक्रम अन्तर्गत रु **४ लाख ४७ हजार बजेट** विनियोजन गरेको छु ।
- आप्रवासी स्रोत केन्द्रको कार्यालय संचालन/ कर्मचारी भ्रमण खर्च / शिरोभार खर्च र रिटर्नी स्वयंम सेवक परिचालनको लागि रु **२० लाख ४१ हजार बजेट** विनियोजन गरेको छु ।

*प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि कुल **बजेट रू ५९ लाख** र रोजगार प्रवर्धन कार्यक्रमको लागि **रु २४ लाख ८८ हजार** बजेट विनियोजान गरेको छु ।*

## *सामाजिक क्षेत्र*

### स्वास्थ्य

**जनताको आधारभूत आवश्यकताको रूपमा रहेको स्वास्थ्य क्षेत्रमा जनताको सरल र सहज पहुँच कायम गर्न बजेटमा समावेश** गरेको छु ।

- संघीयता लागू भइ कार्यान्वयन भइरहेको अवस्थामा स्थानीय तहले पनि स्वास्थ्य सेवा लगायत सामाजिक सेवाको वहन गर्ने कार्यलाई निरन्तरता दिँदै स्वास्थ्य सेवालाई सबै नागरिकको सर्वसुलभ पहुँचमा पुर्याउन बजेटमा समावेश गरेको छु ।
- स्वास्थ्य सेवा सबैको नागरिकको समान्तर पहुँच होस भनी यस गाउँपालिका भित्रका अतिविपन्न घर परिवार र एकल महिला घरमूलि भएका परिवारको लागि स्वास्थ्य बिमा सेवामा आवद्ध गराउनको लागि **रु. १० लाख बजेट** विनियोजन गरेको छु ।
- समय समयमा आउने महामारी तथा कीटजन्य रोगहरूको रोकथाम, नियन्त्रण तथा व्यवस्थापनको लागि **रु ५ लाख** बजेट विनियोजन गरेको छु ।
- गुणस्तरीय आधारभुत स्वास्थ्य सेवा सबै नागरिकले पाउने गरी माग र आवश्यकताका आधारमा निःशुल्क औषधीजन्य सामाग्री वितरणको लागि **रु २३ लाख ७५ हजार** बजेट विनियोजन गरेको छु ।
- स्वास्थ्य केन्द्र/ चौकीको सुदृढिकरणक, उपकरण र जनशक्तिको उच्चतम् उपयोग गरी गुणस्तरीय सेवा प्रवाह गराउन **रु. १० लाख विनियोजन गर्नुका साथै** पूर्वाधार विकास र विस्तारलाई सुरक्षित तथा आधुनिकीकरण बनाउँदै स्वास्थ्य सेवाको पूर्वाधार विकास र विस्तारलाई सुरक्षित तथा आधुनिकीकरण बनाउँदै निर्माण सम्पन्न बाङ्सिङ् स्वास्थ्य चौकीको घेराबार निर्माणको लागि **रु ५० लाख बजेट विनियोजन** गरेको छु ।
- स्वास्थ्य प्रबर्द्धन कार्यक्रम मार्फत जेष्ठ नागरिक ,असहाय जनतालाई घर घरमै स्वास्थ्य सेवा उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरताको लागि श्रवणकुमार जेष्ठ नागरिक गाउँघर क्लिनिक सञ्चालन गर्न **रु १२ लाख** बजेट विनियोजन गरेको छु ।
- महिला स्वास्थ्य स्वयंसेविकाले गाउँपालिकाको स्वास्थ्य क्षेत्रमा पुर्याउनुभएको योगदानको कदर गर्दै महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन तथा सम्मानजनक बिदाइ ,महिला स्वास्थ्य स्वयंसेविका पोसाक यातायात खर्च, वार्षिक समीक्षा गोष्ठी र दिवस मनाउन लागि **रु १९ लाख** बजेट विनियोजन गरेको छु ।
- सामाजिक, आर्थिक तथा मानवीय विकासका साथै दीगो विकास लक्ष्य प्राप्त गर्न गर्भवती, सुत्केरी, शिशु तथा वालवालिकाको स्वास्थ्य प्रर्वद्धनको लागि साहना प्रधान महिला स्वास्थ्य सुधार तथा सुत्केरी प्रोत्साहन एवम् नवजात शिशु पोषण कार्यक्रमको लागि **रु ८ लाख बजेट विनियोजन** गरेको छु ।
- दैनिक स्वास्थ्य सेवा प्रवाह साथै अहोरात्र महामारी जन्य रोगहरूको व्यवस्थापनमा खटिने स्वास्थ्य कर्मीलाई सम्मान तथा प्रोत्साहन, प्राथमिक स्वास्थ्य सेवाका कर्मचारीको तलब, भत्ता तथा प्रशासनिक खर्चको लागि **रु २ करोड २० लाख** बजेट विनियोजन गरेको छु ।

- उपचारात्मक सेवाको लागि स्वास्थ्य संस्थाहरूको अभिभुखिकरण, समीक्षा, फलोअप, अनुगमन तथा सुदृढिकरणक र आँखा, नाक, कान, घाँटी तथा मुख स्वास्थ्य सम्बन्धी कार्यक्रमका लागि रु **२ लाख २५ हजार** बजेट विनियोजन गरेको छु।
- महामारी जन्य रोगहरूको नियन्त्रण, स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चारको लागि विद्यालय स्वास्थ्य शिक्षा/ आमा समुह तथा महिला स्वास्थ्य स्वयं सेविकाहरूको लागि सामाजिक व्यवहार परिवर्तन, सुर्तिजन्य पदार्थ तथा मद्यपान न्यूनिकरण सम्बन्धी कार्यक्रम सञ्चालनको लागि **रु २ लाख** विनियोजन गरेको छु।
- स्वास्थ्य व्यवस्थापनको लागि स्वास्थ्य संस्थाहरूको सेवाको समीक्षा, स्वास्थ्य सूचना व्यवस्थापन प्राणालीको सुदृढिकरण र भ्याक्सिनको डिजिटलाइजेसन तथा क्यु आर कोड प्रमाणिकरण व्यवस्थापनको लागि **रु. ३ लाख** विनियोजन गरेको छु।
- परिवार नियोजन,किशोर किशोरी तथा प्रजनन् स्वास्थ्य, मातृ तथा नबशिशु (वालस्वास्थ्य) लागि आमा सुरक्षा, गर्भवती, रक्तसंचार, उत्प्रेरणा सेवा, न्यानो झोला र निःशुल्क गर्भपतन, Inj. Oxytocin भण्डारनका लागि ILR Refrigerator खरिद, कोभिड-19 विरुद्धको खोप अभियान तथा बुष्टर खोप, नियमित खोप सुद्धृढीकरण, पुर्णखोप दीगोपना र प्रजनन स्वास्थ्य समस्याः आङ खस्ने, फिस्टुलाको समस्या, पाठेघरको मुखको क्यान्सर तथा स्तन क्यान्सरको प्रारम्भिक जाँच, परामर्श तथा प्रेषण गर्ने व्यवस्था लागि **रु ४१ लाख** विनियोजन गरेको छु।
- पोषण विशेष स्वास्थ्य क्षेत्रका कार्यक्रम संचालन गर्न **रु. १ लाख ५० हजार** विनियोन गरेको छु।
- क्षयरोग रोकथाम तथा नियन्त्रणको लागि **रु २ लाख बजेट** विनियोजन गरेको छु।
- शारीरिक र मानसिक स्वास्थ्यलाई ध्यान दिँदैं योग सम्बन्धी र मनोपरामर्श कार्यक्रम र नागरिक आरोग्य केन्द्रको संचालन तथा व्यवस्थापन (आयुर्वेद औषधी खरिद) गर्नको लागि **रु. ५ लाख विनियोजन** गरेको छु।
- खोप क्लिनक, गाउँघर क्लिनिक, आमा समुह बैठकहरुमा स्वास्थ्य सेवा प्रवाह गर्न खटिने कर्मचारीहरुको लागि विशेष प्रोत्साहन साथ यातायात खर्चको लागि **रु. ५ लाख विनियोजन** गरेको छु।
- सेतिदोभानमा निर्माणाधीन अस्पताल भवन निर्माण कार्य सम्पन्न गर्न पहल गरिनुका साथै पालिका स्तरीय १० शैया अस्पताल संचालन र व्यवस्थापनको लागि बजेटमा व्यवस्था गरेको छु।
- सम्पूर्ण नागरिकहरूलाई सहुलियतमा एम्बुलेन्स सेवा उपलब्ध गराउन एम्बुलेन्सको व्यवस्थापनको लागि बजेटमा व्यवस्था गरेको छु।
- विभिन्न संघ संस्था तथा अस्पतालहरूको सहकार्यमा विभिन्न रोगहरूको स्वास्थ्य शिविर सञ्चालन गर्न बजेटमा व्यवस्था गरेको छु।

*स्वास्थ्य क्षेत्रको समग्र विकासका लागि **रु ४ करोड १९ लाख ५० हजार** बजेट विनियोजान गरेको छु।*

## शिक्षा

शिक्षा क्षेत्रमा सकारात्मक, गुणात्मक, नतिजामुलक र परिवर्तनको प्रत्यक्ष अनुभूति हुने गरी आगामी आ.ब २०७९/०८० लाई **शैक्षिक गुणस्तर सुदृढीकरण अभियान** वर्षको रुपमा मनाइने कार्यक्रमअनुसार शिक्षा क्षेत्रमा देहायबमोजिम पर्याप्त बजेट विनियोजन गरेको छ।

- भौगोलिक कठिनाई तथा आवतजावतका कारण अप्ठ्यारोमा परेका विद्यार्थीलाई विद्यालयमा सहज पहुँच सुनिश्चित गर्नको लागि **आवासिय विद्यालय सञ्चालन गर्ने नीति** बमोजिम **जनप्रदिप माध्यमिक विद्यालमा आवसिय विद्यालय निर्माणको लागि रु २ करोड ५० लाख बजेट** विनियोजन गरेको छ।
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत **जनप्रदीप माध्यमिक विद्यालय, जनप्रिय माध्यमिक विद्यालय, भगवती माध्यमिक विद्यालय र गुरुकूल वेदविद्याश्रम माध्यमिक विद्यालयको लागि ४ कोठे भवन** निर्माण कार्यलाई गुणस्तर कायम गर्दै पूर्णता दिनको लागि शशर्त अनुदानको रुपमा प्राप्त रकम न्युन हुने हुदाँ सो कार्यका लागि थप **रु १ करोड २० लाख** बजेट विनियोजन गरेको छ।
- त्रि-शहिद नमुना माध्यमिक विद्यालयमा नमुना विद्यालय विकास कार्यक्रम अन्तर्गत प्राविधिक धार समेतका कक्षालाई फाइदा पुग्ने गरी निर्माणधिन अवस्थामा रहेको **छात्रावासलाई सम्पन्न गर्नको लागि थप रु ९० लाख बजेट** विनियोजन गरेको छ।
- आधारभूत र माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक तथा राहत अनुदान शिक्षकको तलव भत्ता र प्रारम्भिक बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीको पारिश्रमिक लागि **रु ११ करोड ९६ लाख २२ हजार** बजेट विनियोजन गरेको छ।
- प्रारम्भिक वाल विकास केन्द्रका सहजर्कता तथा विद्यालय कर्मचारीलाई न्तुनतम पारिश्रमिक उपलब्ध सुनिश्चित गर्ने नीति बमोजिम **प्रारम्भिक वाल विकास केन्द्रका सहजर्कता तथा विद्यालय कर्मचारीको पारिश्रमिक वापत रु ७५ लाख बजेट** विनियोजन गरेको छ।
- माध्यमिक तह कक्षा (९-१०) तथा आधारभूत तह कक्षा (६-८) मा **अंग्रेजी, गणित र विज्ञान** विषयको विषयगत शिक्षक दरबन्दीको कमीले शिक्षण सिकाई क्रियाकलापमा परेको बाधा अन्त्य गर्न अंग्रेजी, गणित र विज्ञान शिक्षण सहयोग अनुदानका लागि रु **२६ लाख ४१ हजार** बजेट विनियोजन गरेको छ।
- **अध्यक्ष शैक्षिक सुधार कार्यक्रम** अन्तर्गत सामुदायिक विद्यालयका पुर्व प्राथमिक तहदेखि कक्षा ५ सम्मका विद्यार्थीहरूको लागि अङ्ग्रेजी माध्यमका पाठ्यपुस्तक निःशुल्क वितरण गर्न **रु ८ लाख** बजेट विनियोजन गरेको छ।
- सरकारी सेवामा प्रवेश गर्न चाहने यस गाउँपालिकाका नागरिकहरुलाई उत्प्रेरित गरि वढीभन्दा बढी सरकारी सेवामा प्रवेश गराउने उद्देश्यका साथ **लोकसेवा आयोग र शिक्षा सेवा आयोग कक्षा सञ्चालनको लागि रु २ लाख** बजेट विनियोजन गरेको छ।

- विद्यालयमा प्राविधिक शिक्षा र प्रविधि मैत्री शिक्षालाई जोड दिन अध्यक्ष शैक्षिक सुधार कार्यक्रम अन्तर्गत माध्यमिक **विद्यालयमा कम्प्युटर शिक्षक तलव** अनुदानको लागि **रु ३ लाख** बजेट विनियोजन गरेको छु ।
- खेल्दै सिक्दै कार्यक्रमलाई सार्थकता दिन अध्यक्ष शैक्षिक सुधार कार्यक्रम अन्तर्गत प्रारम्भिक बाल विकास केन्द्रको कक्षा कोठा सुधार गर्न **रु ४ लाख** बजेट विनियोजन गरेको छु ।
- विद्यार्थीमा रहेको अन्तरनिहित क्षमता प्रस्फुटन गरी विद्यार्थीलाई सृजनात्मक र रचनात्मक बनाउने उदेश्यका साथ  गाउँपालिका भित्रका विद्यार्थीहरूको बीचमा विभिन्न अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नको लागि **अध्यक्ष शैक्षिक सुधार अतिरिक्त क्रियाकलाप सञ्चालनको** अन्तर्गत **रु ४ लाख बजेट विनियोजन** गरेको छु ।
- सार्वजनिक विद्यालयका विद्यार्थीहरूलाई निःशुल्क पाठ्यपुस्तक वितरण गर्न **रु १६ लाख ९५ हजार** बजेट विनियोजन गरेको छु ।
- विद्यार्थीहरूलाई सामुदायिक विद्यालयमा आकर्षण गरी बालपोषणको अवस्थामा सुधार **ल्याउन  कक्षा १ देखि ६ सम्म** अध्ययन गर्ने विद्यार्थीहरूको लागि दिवा खाजा कार्यक्रमको लागि **रु ४१ लाख ५५ हजार** बजेट विनियोजन गरेको छु ।
- **सामुदायिक विद्यालयको संस्थागत क्षमता विकास तथा परीक्षा सञ्चालन एवम् विद्यार्थी मुल्याङ्कन** कार्यलाई व्यवस्थित र प्रभावकारी **बनाउन रु १२ लाख** बजेट विनियोजन गरेको छु ।
- विद्यालय सञ्चालन तथा व्यवस्थापनका  गतिविधिहरू थप व्यवस्थित र प्रभावकारी बनाउनको लागि **विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदानमा रु २८ लाख ९ हजार** बजेट विनियोजन गरेको छु ।
- प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री एवम् कक्षा ८ को परीक्षा व्यवस्थापनको लागि **रु ७ लाख ९१ हजार** बजेट विनियोजन गरेको छु ।
- विद्यालयमा शैक्षिक गुणस्तर कायम गर्न विज्ञान प्रयोगशाला निर्माण तथा स्थापना, ICT ल्याव सञ्चालन तथा पुस्तकालय निर्माणका साथै  कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानको  लागि **रु ६९ लाख**  बजेट विनियोजन गरेको छु ।
- सामुदायिक विद्यालयमा अध्ययनरत किशोरअवस्थाका छात्राहरुलाई महिनावारीका समयमा समेत नियमित विद्यालय उपस्थित गराउनक निशुल्क  सेनिटरी प्याड वितरणको लागि **रु ७ लाख २३ हजार** बजेट विनियोजन गरेको छु ।
- सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्तिको लागि  **रु ६ लाख ७६ हजार** बजेट विनियोजन गरेको छु ।
- शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम अन्तर्गत गुरुकूल वेदविद्याश्रम माध्यमिक विद्यालय  तथा पञ्चमूल सामुदायिक सिकाई केन्द्र र अन्धाअन्धी सामुदायिक सिकाई केन्द्रको लागि **रु १४ लाख** बजेट विनियोजन गरेको छु ।

- त्रि शहिद नमुना माध्यमिक विद्यालयको क्रमागत भवन निर्माण तथा प्राविधिक धार तर्फको ल्याव व्यवस्थापन अनुदानका लागि रु **५० लाख** बजेट विनियोजन गरेको छु ।
- शिक्षामा नविन प्रविधिको प्रयोग गर्न सक्ने सक्षम सवल र प्रतिस्पर्धी तथा व्यवसायिक शिक्षक विद्यालय कर्मचारी तथा वाल विकास सहजकर्ता शिक्षकको क्षमता अभिवृद्धिका लागि विभिन्न तालिम सञ्चालनको लागि **रु ४ लाख** बजेट विनियोजन गरेको छु ।
- परम्परागत परीक्षा प्रणालीमा सुधार तथा परीक्षा सञ्चालन तथा व्यवस्थापन कार्यलाई प्रभावकारी वनाउन **रु १ लाख ५० हजार** बजेट विनियोजन गरेको छु ।
- गरिव तथा जेहेन्दार विद्यार्थीलाई हौसला प्रदान गरी शिक्षण सिकाईमा उनीहरुलाई उत्प्रेरित गर्न उत्कृष्ट विद्यार्थी सम्मान तथा छात्रवृत्ति कार्यक्रमको लागि **रु २ लाख** बजेट विनियोजन गरेको छु ।
- स्थानीय भाषा, धर्म, संस्कृति, रितिरिवाज, नैतिकता, उद्यमशीलता, भौगोलिक तथा ऐतिहासिक अवस्था श्रमको सम्मान, कानुनी विषय जस्ता विषयवस्तुको पठनपाठन गर्ने हेतुले **स्थानीय पाठ्यक्रम निर्माण विकास तथा कार्यान्वयनका लागि रु ५ लाख** विनियोजन गरेको छु ।
- शैक्षिक सुधारका विभिन्न विषयमा **प्रधानाध्यपकसँगको छलफल तथा अन्तर्क्रियाको लागि रु ३ लाख ३६ हजार** बजेट विनियोजन गरेको छु ।
- विद्यालयमा गर्नुपर्ने स-साना मर्मत कार्यलाई सम्बोधन गर्नको लागि **विद्यालय मर्मत कार्यक्रम सुधार अन्तर्गत रु ५ लाख** विनियोजन गरेको छु ।
- शैक्षिक गतिविधिलाई समयबद्ध, नियमित र योजनावद्ध तरिकाले सञ्चालनको लागि मार्गदर्शन गर्ने **शैक्षिक योजना निर्माणको लागि रु २ लाख** विनियोजन गरेको छु ।
- आवश्यकता र औचित्यका आधारमा **विद्यालय समायोजन तथा एकीकरण नया विद्यालय स्थापना शिक्षक दरबन्दी व्यवस्थापन कक्षा थप घटको लागि कार्यक्रम सञ्चालनको लागि रु २ लाख** विनियोजन गरेको छु ।
- विद्यालयमा सञ्चालन हुने वार्षिक कार्यक्रमहरुलाई नियमित र प्रभावकारी बनाउन **शैक्षिक कार्यपात्रो निर्माणको लागि रु २ लाख** विनियोजन गरेको छु ।
- सकारात्म सोच, मैत्रीपूर्ण व्यवहार, श्रमको सम्मान, अनुशासन, नैतिकता, मर्यदा जस्ता मानवीय मूल्य मान्यता कायम गर्ने विषयमा उत्प्रेणा जगाउन **विद्यार्थीसँग विज्ञ कार्यक्रमको लागि रु २ लाख** विनियोजन गरेको छु ।
- विद्यालयको समग्र पक्षको विकासमा नेतृत्वदायी भुमिकामा रहेका **विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ**का पदाधिकारीको **क्षमता विकासका लागि रु २ लाख बजेट** विनियोजन गरेको छु ।
- कोभिड १९ का कारण पुगेको **शैक्षिक क्षति परिपुरणका** विभिन्न कार्यक्रम सञ्चालन गर्नको **लागि रु १ लाख ५२ हजार** बजेट विनियोजन गरेको छु ।

- **उच्च शिक्षामा सबैको पहुँच अभिवृद्दि** गर्न हाल सञ्चालनमा रहेका क्याम्पसहरुलाई भौतिक तथा शैक्षिक सुदृढीकरणको लागि **रु ३ लाख** बजेट विनियोजन गरेको छु ।

*शिक्षा क्षेत्रको समग्र विकासका लागि **रु २० करोड ६७ लाख ४९ हजार** बजेट विनियोजान गरेको छु ।*

## सामाजिक संरक्षण, जेष्ठ नागरिक, महिला तथा बालबालिका

- जेष्ठ नागरिकले देश,समाजलाई पुर्याउनुभएको योगदानको उच्च मुल्यांकन गर्दै **जेष्ठ नागरिक सम्मान कार्यक्रमको** लागि **रु ५ लाख** बजेट विनियोजन गरेको छु ।
- गाउँपालिका भित्र रहेका सबै आमा समूहको नेतृत्व तथा क्षमता विकास, क्रियाशिलता अभिवृद्धि तथा प्रोत्साहनको लागि **रु ८ लाख** बजेट विनियोजन गरेको छु ।
- दलित, जनजातिको उत्थान, विकास तथा सम्बर्धनको लागि **दलित जनजाति सचेतना कार्यक्रमको** लागि **रु ४ लाख** बजेट विनियोजन गरेको छु ।
- हिंसामा परेका लैङ्गिक समुदायलाई उत्थानको लागि आँधीखोला गाउँपालिकामा **लैङ्गिक हिंसा निवारण कोष** बनाउन **रु १ लाख** बजेट विनियोजन गरेको छु ।
- महिला तथा बालबालिकाको क्षमता अभिवृद्धि,शसक्तीकरण र एकल महिला प्रोत्साहन कार्यक्रमको लागि **रु ५ लाख** बजेट विनियोजन गरेको छु ।
- आफ्नो हेरचाह आफै गर्न नसक्ने वा श्रम गर्न नसक्ने अशक्त तथा असहाय अपांगता भएका व्यक्ति, महिला बालबालिकाको **सहायता सामग्री वितरण**को लागि **रु ४ लाख** बजेट विनियोजन गरेको छु ।
- बालश्रम, बहुविवाह, लैङ्गिक हिंसा छुवाछूत लगायतका सामाजिक विभेद विरुद्धको सचेतना कार्यक्रमको लागि **रु ५ लाख** बजेट विनियोजन गरेको छु ।
- बालबालिकाको प्रतिभा विकास, मनोरञ्जनका लागि **बाल विकास कार्यक्रम** अन्तर्गत **रु ५ लाख** बजेट विनियोजन गरेको छु ।
- गाउँपालिकाका भित्रका वृद्धवृद्धा एकल महिला अपाङ्ग दलित बालबालिका लाई सामाजिक सुरक्षा वितरण गर्न नेपाल सरकारले तोके बमोजिमको बजेट व्यवस्था गरेको छु ।
- जीवन स्तर अत्यन्त कमजोर भएका नागरिकको लागि सहयोगको लागि बजेट विनियोजन गरेको छु ।
- गाउँपालिका भित्रका विपन्न तथा गरीब घरपरिवारको लागि तत्काल सहायतका लागि अन्य सामाजिक सहायता अन्तर्गत **रु ५ लाख** बजेट विनियोजन गरेको छु ।

*सामाजिक संरक्षण, जेष्ठ नागरिक, महिला तथा बालबालिका सम्बन्धी विविध कार्यक्रमको लागि कुल **रु. ४२ लाख** विनियोजन गरेको छु ।*

## सडक / गोरेटो बाटो पूर्वाधार

भौगोलिक आबद्धता कायम गर्न, कृषि तथा उद्योग व्यवसायको विकास गर्न, आर्थिक वृद्धि हासिल गर्न सघाउ पुग्ने गरी सडक क्षेत्रमा बजेट विनियोजन गरेका छौं।

- गाउँपालिकाको नीति तथा कार्यक्रम अन्तर्गत गाउँपालिकाको केन्द्र देखि सबै ६ वटै वडा कार्यालयहरूमा पुग्ने बाटो स्तरोन्नती तथा पिच गर्ने लक्ष्यअनुसार अगाडी बढेका छौं। सोहीअनुसार गाउँपालिकाको वडा नं. ४ जोड्ने सेपत भर्स्याङ बाङ्सिङ् पञ्चासे बाटो (गत आ.व. को बहुवर्षीय आयोजनाको दायित्व) को लागि संघीय सरकारको साझेदारीमा गाउँपालिकाको समेत गरी **रु ३ करोड ५ लाख** बजेट विनियोजन गरेको छु।
- अन्तर्पालिका सडक सञ्जालको रुपमा रहेको सेतीदोभान सिम्खेत सडकको स्तरोन्नतिको काम सम्पन्नताको लागि **रु ३५ लाख** बजेट विनियोजन गरेको छु।
- वडा नं ५ स्थित गाबाटे नाच्नेडाडा सडक स्तरोन्नतिको लागि **रु १ करोड ३० लाख** बजेट विनियोजन गरेको छु।
- वडा नं २ स्थित जरेखोला भण्डारथुम्का मडुवा ग्रामिण सडक स्तरोन्नतिका लागि **रु १ करोड ६० लाख** बजेट विनियोजन गरेको छु।
- संघीय सरकारको साझेदारीमा गाउँपालिकाको समेत गरी जुग्ले गोगनपानी सडक निर्माणको लागि **रु २ करोड** बजेट विनियोजन गरेको छु।
- सडक बोर्ड नेपाल अन्तरगत वडा नं २ मा रहेको **कालीखोला स्वास्थ्य चौकी सिहाले खोल्सी सडक** स्तरोन्नतिको लागि **रु २६ लाख** बजेट विनियोजन गरेको छु।
- बाटो मर्मत सम्भारको लागि **रु ३० लाख** बजेट विनियोजन गरेको छु।
- नमुना सडक योजनाको लागि **रु ३० लाख** बजेट विनियोजन गरेको छु।
- छहरे रङ्गुवा बाँगे कालाभैरव थान हुँदै पञ्चासे जाने पैदलमार्ग निर्माणको लागि **रु १ करोड** बजेट विनियोजन गरेको छु।
- सघन सहरी विकास कार्यक्रम अन्तर्गत सम्धीखोला पुलको मुख-सम्धीखोला-पोखरीडाँडा जोड्ने मोटरबाटो स्तरोन्नतिको लागि **रु ४९ लाख** बजेट विनियोजन गरेको छु।
- निर्मित सडकको मर्मत सम्भारका लागि Length Worker को पारिश्रमिक तथा औजार खरिद कार्यको लागि लागि **रु ५ लाख** बजेट विनियोजन गरेको छु।

*आँधीखोला गाउँपालिकाले आ व २०७९/०८० को लागि सबै वडालाई दिएको सिलिङ अनुसार छनौट भई प्राप्त हुन आएका पूर्वाधार विकासका कार्यक्रमहरू देहाय अनुसार हुने गरी बजेट विनियोजन गरेको छु ।*

- **आँधीखोला गाउँपालिकाको वडा नं १ अन्तर्गत**
  - बेझाङ ठाडो बाटो निर्माणको लागि रु २ लाख
  - छहरामाथी भुषाल प्रतिक्षालय सम्मको गोरेटो बाटो निर्माणको लागि रु २ लाख
  - स्कुल देखी वज्यनिडाँड देखी कुल मन्दिर हुँदै डहरेदेउराली पैदल मार्ग निर्माणको लागि रु २ लाख
  - तल्लाथर जाने भल पानी नियन्त्रण तथा गोरेटो बाटो निर्माणको लागि रु २ लाख
  - हिले ढकालथोक त्रिवेणी दत्तेलोटे मोटरबाटो स्तर उन्नतीको लागि रु १० लाख

- **आँधीखोला गाउँपालिकाको वडा नं २ अन्तर्गत**
  - वोझाबाट दलीतवस्ती जाने मोटरबाटो निर्माणको लागि रु ५ लाख
  - शितखोला ठुल्ढुङ्गा गोरेटोबाटो निर्माणको लागि रु २ लाख
  - झ्यापेटारी पुलको मुख गोरेटो बाटो निर्माणको लागि रु १ लाख
  - रातामाटा गोरेटो बाटो निर्माणको लागि रु २ लाख
  - काफलटारी घडेरी गोरेटो बाटो निर्माणको लागि रु २ लाख
  - दोविल्ला देखी कोइराले सम्म गोरेटोबाटो तथा तारवार निर्माणको लागि रु १ लाख
  - थुमखोला देखी कालीखोला सम्म मोटरबाटो स्तरउन्नती निर्माणको लागि रु २ लाख
  - डहरे प्रा वि देखी साउनेपानी गोरेटोबाटो निर्माणको लागि रु २ लाख
  - सिरसिरेबाट ब्याडको पुछारसम्म गोरेटो बाटो निर्माणको लागि रु १ लाख

- **आँधीखोला गाउँपालिकाको वडा नं ३ अन्तर्गत**
  - पाख्रीबोट राष्ट्रिय मा बि हुदै वडा कार्यालय सम्म मोटरबाटो निर्माणको लागि रु ५ लाख
  - पात्लिखेत देखी मनकामना मन्दिर जाने गोरेटोबाटो निर्माणको लागि रु १ लाख
  - मजुवादेखी राष्ट्रिय मा वि सम्म गोरेटो बाटो निर्माणको लागि रु १ लाख ५० हजार
  - मोहनचेस देखी तिवारी गाउँ सम्मको मोटरबाटो निर्माणको लागि रु १ लाख
  - काहुरेडाँडा माझखेत गोरेटोबाटो निर्माणको लागि रु २ लाख

- पुर्कट धाङ्गधुङ्ग अन्धाअन्धी मा वि सम्म गोरेटो बाटो निर्माणको लागि रु १ लाख
- बासेडाँडा सालघारी गोरेटोबाटो निर्माणको लागि रु १ लाख
- दोविल्ला घुमाउने चौपारी पत्यान सम्म गोरेटो बाटो मर्मतको लागि रु १ लाख
- सल्लेडाँडादेखि काभ्रे पोखरी सम्म गोरेटो बाटो निर्माणको लागि रु १ लाख
- डाडाको फेर साहुडाँडा हुदै पत्यानसम्म गोरेटो बाटो निर्माणको लागि रु १ लाख ५० हजार
- मोटरबाटो देखि सिराने घर हुदै ध्रुवेको घडेरे सम्म गोरेटो बाटो निर्माणको लागि रु २ लाख
- पत्यार रातामाटा गोरेटो बाटो निर्माणको लागि रु १ लाख ५० हजार

➢ **आँधीखोला गाउँपालिकाको वडा नं ४ अन्तर्गत**

- वैडाघाट रिमालस्वारा श्रवणकुमार पंचासे मोटरबाटो निर्माणको लागि रु ५ लाख
- लौसीबोट गोरेटोबाटो निर्माणको लागि रु २ लाख
- रानाभाट चोक पुलको मुख गोरेटो बाटो निर्माणको लागि रु २ लाख
- रोलको डिलदेखी ढाडखर्क गोरेटोबाटो निर्माणको लागि रु १ लाख
- लाम्चे ढुंगा पिङ्गहाले गोरेटोबाटो निर्माणको लागि रु २ लाख
- रिमालस्वारा गोरेटोबाटो निर्माणको लागि रु २ लाख
- ओडार मूलावारी कोठी मोटरबाटो स्तरोन्नतिको लागि रु ३ लाख
- नारीकोट गोरेटो बाटो निर्माणको लागि रु २ लाख
- पिप्लेदेखी वाङ्गेटारी हुदै कट्टी सम्म गोरेटोबाटो (ठाडस्वारादेखी हेल्थपोष्ट गोरेटोबाटो) निर्माणको लागि रु २ लाख ५० हजार
- सेपत अर्गादी कमेरे रिमालस्वारा मोटरबाटो निर्माणको लागि रु २ लाख ५० हजार

➢ **आँधीखोला गाउँपालिकाको वडा नं ५ अन्तर्गत**

- शिवजी मार्ग मोटर बाटो मर्मत सम्भारको लागि रु २ लाख ५० हजार
- राहुल डाँडा गौंडे मोटरबाटो स्तरोन्नतिको लागि रु १ लाख
- आरुबोट सल्लाघारी जाने गोरेटोबाटो निर्माणको लागि रु २ लाख

- खौरेटा मोटरबाटो निर्माणको  लागि रु ३ लाख
- आईते खोला स्यानी बराये मोटरबाटो स्तरोन्नतिको लागि रु ३ लाख
- छहरे गहतेरा मोटरबाटो निर्माणको लागि रु ५ लाख
- निन्देखोलाबाट थानीको थानसम्म जाने गोरेटोबाटो निर्माणको लागि रु १ लाख
- कृषि अगजन देवकोटा थर मोटरबाटो स्तरोन्नतिको लागि रु ३ लाख
- भञ्ज्याङ गहते निस्ती मोटरबाटो स्तरोन्नतिको लागि रु ३ लाख
- भञ्ज्याङ निस्ति कृषि वेसी मोटरबाटो निर्माणको लागि रु ४ लाख
- डाँडाथर मोटरबाटो निर्माणको लागि रु ३ लाख
- गहिराबाट जय ब.थापाको घरसम्म जाने गोरेटोबाटो निर्माणको लागि **रु १ लाख**

**आँधीखोला गाउँपालिकाको वडा नं ६ अन्तर्गत**

- फापरथुम टोलमा काउले गोरेटो बाटो लागि **रु ५ लाख**
- सम्धीखोला मोटर बाटो निर्माण योजनाको  लागि **रु २ लाख**
- छापा सिम्ले मोटर बाटो योजनाको लागि **रु २ लाख**
- निबुवाबोट टोलमा सुन्टारी गोरेटो बाटो निर्माणको लागि **रु १ लाख**
- द्राद्रा चिलाउने खर्क गोरेटो बाटो निर्माणको लागि **रु १ लाख**
- थुम्का द्राद्रा गोरेटो बाटो निर्माणको लागि **रु २ लाख**
- पातीखोला मोटर बाटो योजनाको लागि **रु २ लाख**
- कोलट पैनीवारी गोरेटो बाटो निर्माणको लागि **रु १ लाख**
- ठकुरी टोल गोरेटो बाटो निर्माणको लागि **रु १ लाख**
- डाँडाथर वि.क. टोल गोरेटो बाटो निर्माणको लागि **रु १ लाख ५० हजार**
- अम्बोट मोटर बाटो योजनाको लागि **रु १ लाख ५० हजार**
- टिकाजा टोलमा पण्डितको चौतारा सामुदायिक भवन गोरेटो बाटो निर्माणको लागि **रु १ लाख**
- टिकाजा टोलमा सामुदायिक भवन वि.क. टोल गोरेटो बाटो निर्माणको लागि **रु १ लाख**
- टारी गोरेटो बाटो निर्माणको लागि **रु १ लाख**
- समीको रुख खौलेघर गोरेटो बाटो निर्माणको लागि **रु १ लाख**

- चौतारादेखि सिन्नार गोरेटो बाटो निर्माणको लागि **रु १ लाख**
- ढड्यान गोरेटो बाटो निर्माणको लागि **रु १ लाख**

➢ गाउँपालिकाका ग्रामीण बाटोहरूको स्तरोन्नती गरी सबै मौसममा निर्बाध रूपमा यातायातका साधनहरू सञ्चालन गर्न **रु १ करोड** बजेट विनियोजन गरेको छ।

## भवन

गाउँपालिकाको प्रमुख प्रशासकीय भवन, सपिङ कम्प्लेक्स सहितको बहुउद्देश्यीय सभा हल, वडा कार्यालय भवन, आमा समूह भवन लगायतका भवनहरू निर्माण गर्न बजेट विनियोजन गरेको छ।

➢ सहज सार्वजनिक सेवा प्रवाहको लागि गाउँपालिकाको अत्याधुनिक तथा सुविधा सम्पन्न प्रमुख प्रशासकीय भवनको सुरक्षा तथा व्यवस्थापनका लागि कार्यालय कम्पाउण्ड वाल लगायत निर्माणको लागि **रु ३० लाख** बजेट विनियोजन गरेको छ।

➢ सेवा प्रवाहलाई थप छिटो छरितो र आधुनिक बनाउने नीति तथा कार्यक्रमअनुसार वडा नं २ को वडा कार्यालय भवनको लागि क्रमागत योजनाका लागि **रु ७३ लाख** बजेट विनियोजन गरेको छ।

➢ सार्वजनिक शौचालय निर्माणको लागि **रु १० लाख** बजेट विनियोजन गरेको छ।

➢ वडा नं १ को पंचमुल ढलेपिपल टोलमा मानिकेश्वारा सामुदायिक भवन निर्माणको लागि **रु २ लाख** बजेट विनियोजन गरेको छ।

➢ माझकटेरी राजास्वाँरा सामुदायिक भवन सम्पन्न गर्नको लागि **रु २ लाख** बजेट विनियोजन गरेको छ।

➢ छहरामाथी मजुवा टोलको टोल विकास संस्थाको सौचालय निर्माण तथा फर्निचर व्यवस्थापन लागि **रु २ लाख** बजेट विनियोजन गरेको छ।

➢ वडा नं २ को शिवालय आमा समुह भवन सम्पन्न गर्नको लागि **रु १ लाख** बजेट विनियोजन गरेको छ।

➢ उखुबारी टोल स्थित देविस्थान मन्दिरमा शौचालय निर्माण गर्नको लागि **रु २ लाख** बजेट विनियोजन गरेको छ।

➢ तिलिम दुर्गा मन्दिरमा शौचालय निर्माणको लागि रु २ लाख बजेट विनियोजन गरेको छ।

➢ वडा नं ४ स्थित श्रवणकुमार टोलमा गैरी चौतारो प्रतिक्षालय निर्माणको लागि **रु १ लाख ५० हजार** बजेट विनियोजन गरेको छ।

➢ वडा नं ६ लालीगुराँस टोलमा सेरा सामुदायिक भवन निर्माणको लागि **रु १ लाख** बजेट विनियोजन गरेको छ।

➢ कल्यान डाँडा टोलमा समाज घर भान्सा निर्माणको लागि **रु १ लाख ५० हजार** बजेट विनियोजन गरेको छ ।

➢ भुद्रमपोला टोलमा गुम्बा कैदु घर निर्माणको लागि **रु १ लाख ५० हजार** बजेट विनियोजन गरेको छ।

- गाउँपालिका भित्र बसोबास गर्ने जनताको सुरक्षित आबासको हकलाई प्रत्याभूत गर्दै सुरक्षित नागरिक आवास कार्यक्रमलाई निरन्तरताको लागि आवास व्यवस्था कार्यकर्मको लागि **रु १ लाख** बजेट विनियोजन गरेको छु ।

## खानेपानी

आधारभूत खानेपानी सबै बस्तीमा पुर्याउन एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिएका छौं ।गाउँपालिका भित्र सबै जनताको घरमा आधारभूत खानेपानी पुर्याउने गरी गाउँपालिकाले संघीय सरकार र प्रदेश सरकारको साझेदारीको साथमा आयोजना सञ्चालन गर्ने गरी एक घर एक धाराको नीति  अनुरूप बजेटमा व्यवस्था गरिएको छ ।

- जनताको आवश्यकता अनुसार  मागको आधारमा खानेपानीको लागि  **रु २० लाख** बजेट विनियोजन गरेको छु ।
- खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम अन्तर्गत बृहत आँधीखोला खानेपानी आयोजना, आँधीखोला गा.पा वडा न. १ देखी वडा न. ६ सम्मको लागि **रु ३५ लाख** बजेट विनियोजन गरेको छु ।
- सम्भाव्य ठाउँको अध्ययन गरी आँधीखोलमा लिफ्टिङ्ग खानेपानी आयोजनाको लागि **रु २० लाख** बजेट विनियोजन गरेको छु ।
- वडा नं ३ स्थित फ्वासे कुवा मर्मत तथा संभारको लागि **रु १ लाख** बजेट विनियोजन गरेको छु ।
- गुहेले खाल्टा पधेरो मर्मतको लागि **रु १ लाख** बजेट विनियोजन गरेको छु ।
- राधेको बारी खानेपानी मर्मत तथा संभार लागि **रु १ लाख ५० हजार** बजेट विनियोजन गरेको छु ।
- कमेरेपानी कुवा निर्माणको लागि **रु १ लाख ५० हजार** बजेट विनियोजन गरेको छु ।
- छरछरे तल्लो पधेरो निर्माणका लागि **रु १ लाख** बजेट विनियोजन गरेको छु ।
- अडेखाल्टा खानेपानी मर्मत संभारका लागि **रु १ लाख** बजेट विनियोजन गरेको छु ।
- भुतेखोला राष्ट्रिय मा वि खानेपानी मर्मतका लागि **रु २ लाख** बजेट विनियोजन गरेको छु ।
- कुवापानी देखि राष्ट्रिय मा वि पुवाडाँडा दर्जी टोल लिफ्टिङ्ग खानेपानी योजनाका लागि **रु १ लाख ५० हजार** बजेट विनियोजन गरेको छु ।
- वडा नं ४ मा दह खानेपानी मर्मतका लागि **रु १ लाख** बजेट विनियोजन गरेको छु ।
- दह ठुलाखेत टोलमा तिलाहार पधेरो मर्मतका लागि **रु १ लाख** बजेट विनियोजन गरेको छु ।
- वडा नं ४ मा भैपरि आउने खानेपानी तथा सिचाई मर्मतका लागि **रु २ लाख ५० हजार** बजेट विनियोजन गरेको छु ।
- वडा नं ६ दाद्रामा खानेपानी मर्मतका लागि **रु १ लाख** बजेट विनियोजन गरेको छु ।

## सिँचाई

- सिँचाइ नपुगेका खेतहरूमा जनताको आवश्यकता अनुसार  मागमा आधारित सिँचाइको लागि **रु ४० लाख** बजेट विनियोजन गरेको छु ।
- छहरे गैराबस्ती सिँचाई पोखरि निर्माण योजनाको लागि **रु ४० लाख** बजेट विनियोजन गरेको छु ।
- वडा नं २ मा बुढोकुलो मुहान निर्माणको लागि **रु १ लाख** बजेट विनियोजन गरेको छु ।
- गाउँपालिका वडा न ३ मा पात्लेखेत सिचाई आयोजनाको लागि **रु २ लाख** बजेट विनियोजन गरेको छु ।
- वडा नं. ४ मा अर्गादी खेत सिचाई योजनाको लागि **रु १ लाख** बजेट विनियोजन गरेको छु ।
- वडा नं ६ स्थित काँल्ला सिँचाई योजनाको लागि रु १ लाख बजेट विनियोजन गरेको छु ।

## ऊर्जा

**उज्यालो आँधीखोला** को संकल्प पूरा गर्न नवीकरणिय ऊर्जाको प्रयोग तथा उत्पादनमा जोड दिइने छ ।

- गाउँपालिका भित्र रहेको बिद्युत प्रसारण लाइनलाई व्यवस्थित गर्न विद्युत सुधार कार्यक्रमको लागि **रु ५ लाख** बजेट विनियोजन गरेको छु ।
- एल पी ग्याँस विस्थापन जैविक रूपमा रहेका बायोग्यास, गोबरग्याँस लगायतका स्थानीय साधन श्रोतलाई परिचालन गरी वैकल्पिक ऊर्जाको उत्पादनमा जोड दिनको लागि **रु ५ लाख** विनियोजन गरेको छु ।
- राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रम अन्तर्गत नवीकरणीय ऊर्जा प्रवधि जडान (वायोग्याँस/विद्युतीय चुलो/सुधारिएको चुलो/सौर्य ऊर्जा) को लागि **रु ८ लाख** विनियोजन गरेको छु ।

## जलाधार संरक्षण  वन , वातावरण ,सरसफाइ तथा फोहोर मैला व्यवस्थापन

पारिस्थितिक प्रणालीको संरक्षण गर्दै जैविक विविधता कायम राख्न बजेटमा व्यवस्था गरिएको छ ।

- पानीको स्रोतको दीगोपनको लागि पुराना कुवा मुहान तथा पोखरीहरूको मर्मत सम्भार एवम्  संरक्षण गर्नुको साथै पोखरी पुनर्भरण बनाउने योजनाको निरन्तरता दिनको लागि **रु ३ लाख** बजेट विनियोजन गरेको छु ।
- **स्वच्छ आँधीखोला गाउँपालिका निर्माण अभियान अन्तर्गत** फोहोरमैलाको दीगो र प्रभावकारी व्यवस्थापनका लागि **रु ३ लाख**  बजेट विनियोजन गरेको छु ।
- जलचर प्राणी र पारिस्थितिक प्रणालीलाई सन्तुलन बनाउन आँधीखोलामा माछाका भुरा छोड्नको लागि  **रु १ लाख** बजेट विनियोजन गरेको छु ।
- सामुदायिक वनको संरक्षण, प्रवर्धन तथा उपयोग बजेटले जोड दिएका छौं ।
- सामुदायिक वन उपभोक्ता समितिलाई अभिमुखीकरण तालिम दिइने छ ।

- **बिसाउने चौतारी**को नारालाई सार्थकता प्रदान गर्नका लागि गाउँपालिका भित्रका बर पीपल रहेका चौतारीको संरक्षणको लागि **रु ३ लाख बजेट** विनियोजन गरेको छु ।
- वृक्षरोपण कार्यक्रम सञ्चालन गर्नुको साथै वन क्षेत्रमा उपलब्ध हुने चिराइतो, अम्रिसो, कुरिलो, लौसी, वेद बाँस जस्ता विभिन्न प्रजातिका रुख बिरुवा एवं जडीबुटीलाई व्यवसायिक खेती तर्फ उन्मुख गरी आय आर्जनको माध्यम बनाउन **रु २ लाख** बजेटमा व्यवस्था गरेको छु ।
- वडा नं १ पंचमुलमा सुचना केन्द्र, सोलर बत्ती र फोहोर मैला व्यवस्थापन योजनाको **लागि रु ६ लाख विनियोजन** गरेको छु ।
- वडा नं २ स्थित मडुवा टोलमा सुनार गाँउ देखी ढुङ्गाडे सम्म ढल व्यवस्थापन व्यवस्थापन योजनाको **लागि रु २ लाख विनियोजन** गरेको छु ।
- गाउँपालिका भित्र फोहोरमैला व्यवस्थापन तथा सरसफाइ कार्यक्रमको लागि **रु ५ लाख विनियोजन** गरेको छु ।
- खानेपानी सरसफाइ तथा ढल विकाश योजना थुमको **लागि रु १ लाख विनियोजन** गरेको छु ।
- उखुवारी टापु टोलमा ढल व्यव्यस्थापन योजनाको **लागि रु १ लाख विनियोजन** गरेको छु ।

## यूवा तथा खेलकुद

**स्वच्छ जीवनको लागि खेलकुद** भन्ने अभियान अन्तर्गत खेलले खेल्ने व्यक्ति, समाज र सिंगो गाउँपालिकाको गौरव बढाउने अभिप्रायका साथ खेलकुद क्षेत्रको विकासका लागि बजेटमा व्यवस्था गरेको छु ।

- जहाँ युबा त्यहाँ खेलकुद भन्ने मूल उद्घोषका साथ युबाहरु को शारीरिक र मानसिक सन्तुलन कायम गर्ने र समाजमा सकारात्मक सोचको विकास गर्ने अभिप्राय स्वरुप खेल खेल्ने व्यक्ति, समाज र सिंगो गाउँपालिकाको गौरव बढाउन खेल मैदान निर्माणको लागि **रु १० लाख** विनियोजन गरेको छु ।
- अध्यक्ष कप रनिङ शिल्ड प्रतियोगिता तथा विविध सांस्कृतिक कार्यक्रम को लागि **रु ८ लाख** बजेट विनियोजन गरेको छु ।
- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगीताको लागि **रु १ लाख** बजेट विनियोजन गरेको छु ।
- **जहाँ युवा त्यहाँ खेलकुद** भन्ने मूल उद्घोषका साथ युवाहरूको शारीरिक र मानसिक सन्तुलन कायम गर्ने र समाजमा सकारात्मक सोचको विकास गर्ने अभिप्राय स्वरूप **युवासँग खेलकुद** कार्यक्रमको लागि **रु ५ लाख** विनियोजन गरेको छु ।

## अन्य पूर्वाधार

- वडा नं २ स्थित **जाईखोला कल्भर्ट** निर्माणको लागि **रु ७१ लाख** बजेट विनियोजन गरेको छु ।
- भैपरी आउने पुँजीगत खर्च तथा पूर्वाधार निर्माण गर्न **रु १ करोड** बजेट विनियोजन गरेको छु ।

- समपूरक कोषको लागि **रु ५० लाख** बजेट विनियोजन गरेको छु ।
- निर्माण सामग्री प्रयोगशाला (सिभिल ल्याव स्थापना)को लागि **रु ८ लाख** बजेट विनियोजन गरेको छु ।
- वडा नं १ स्थित गोपालका घरनेरका दुई खोलालाई व्यवस्थापन तथा बर्खे धाराको खोलामा पुल निर्माणको लागि रु **२ लाख** बजेट विनियोजन गरेको छु ।
- झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत **रु ३० लाख** बजेट विनियोजन गरेको छु ।
- वडा नं २ स्थित थुम बस्ती संरक्षणका लागि **रु १ लाख** बजेट विनियोजन गरेको छु ।

## न्यायिक समिति

- मेलमिलापको माध्यमबाट सामाजिक एकतामा जोड दिने संयन्त्रको रूपमा रहेको आँधीखोला गाउँपालिकाको न्यायिकसमितिको प्रभावकारीता बढाउन अभिमुखीकरण तालिम, कार्यक्रम न्यायिक समिति सचिवालय, स्थानीय तह न्यायिक समिति संस्थागत विकास कानुनी परामर्श मेलमिलाप कक्ष तथा इजलास निर्माण तथा कार्यक्रम को लागि **रु २० लाख** बजेट विनियोजन गरेको छु ।

## कला र संस्कृति

- ऐतिहासिक चाड पर्व , मेला महोत्सव , पूजा पाठ, खेलकुद तथा सांस्कृतिक कार्यक्रम जोगाउन लगायत संस्कृति कार्यक्रम चाडपर्व , मेला महोत्सव , दिवसको संरक्षण तथा सम्बर्धनको लागि **रु १० लाख** बजेट विनियोजन गरेको छु ।
- परम्परागत भाषा कला संस्कृति संवर्धन तथा संरक्षणको लागि **रु ५ लाख** बजेट विनियोजन गरेको छु ।

## सहकारी

सहकारी सँगको समन्वय, सहकारी संस्थाहरूको दायित्व काम कर्तव्य तथा स्थानीय सरकारको नीतिमा समावेश गराउन सहकारी संस्थाका पदाधिकारी तथा कर्मचारीहरूलाई अभिमुखीकरण तालिम तथा सहकारी शाखा व्यवस्थापनको लागि **रु ३ लाख** बजेट विनियोजन गरेको छु ।

## सामाजिक सुरक्षा, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण

- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण जन्म ,मृत्यु तथा वसाइसराइ कार्यक्रमलाई थप व्यवस्थित गर्न **रु १० लाख** बजेट विनियोजन गरेको छु ।

- सामाजिक सुरक्षा तथा पञ्जीकरण सम्बन्धी सचेता तथा क्षमता विकास कार्यक्रम र परिचयपत्र छपाईको लागि **रु ५ लाख बजेट** विनियोजन गरेको छु।

## विपद् व्यवस्थापन

- प्राकृतिक प्रकोपको कारण हुन सक्ने क्षति को न्युनिकरण लागि उद्धार ,राहत, पुर्ननिर्माण व्यवस्थापन गर्न विपत् व्यवस्थापनको लागि **रु ३० लाख** बजेट विनियोजन गरेको छु।
- वडा नं ४ स्थित श्रवणकुमार टोलमा श्रवण आधारभूत विद्यालयको पहिरो नियन्त्रण तथा फर्निचरको लागि **रु १ लाख** बजेट विनियोजन गरेको छु।

## कार्यालय सञ्चालन, सार्वजनिक सेवा प्रवाह एवम् संस्थागत विकास

- सार्वजनिक सेवा प्रवाहलाई चुष्त दुरुस्त प्रविधि मैत्री बनाउनको लागि कर्मचारीलाई तालिम प्रदान गरिनेछ। आँधीखोला गाउँपालिकामा कार्यरत इमान्दार र दक्ष करार सेवाका कर्मचारीहरूको आर्थिक वर्ष २०७९/०८० मा सेवामा निरन्तरता कायम गर्ने व्यवस्था मिलाइएको छ। साथै भविष्यमा समेत सेवा वर्ष तथा दक्षताको आधारमा उनीहरूको प्रोत्साहनको विषयलाई गाउँपालिकाले प्राथमिकतामा राखेको छ। छात्रवृत्ति , मिलापत्र, आर्थिक सहायता,अपाङ्ग परिचयपत्र एवम् अघिल्लो आर्थिक वर्षमा निःशुल्क रूपमा प्रदान गरिएको सेवालाई निरन्तरता दिइएको छ।
- सहज सार्वजनिक सेवा प्रवाहको लागि गाउँपालिकाको अत्याधुनिक तथा सुविधा सम्पन्न गाउँपालिकाको प्रमुख प्रशासनिक भवन व्यवस्थापन गरी संचालन गर्नको लागि **रु ३० लाख** विनियोजन गरेको छु।
- उपभोक्ता समिति मार्फत गरिने कामको थप प्रभावकारिताको लागि उपभोक्ता समिति क्षमता अभिवृद्धि तालिम एवम् अनुदानको लागि **रु १० लाख** विनियोजन गरेको छु।
- घर सूचिकरण अभियान अन्तर्गत राजस्व संकलन अभियान कार्यकर्मको लागि **रु ५ लाख** विनियोजन गरेको छु।
- सामुदायिक वन व्यवस्थापन अभिमुखीकरणको लागि बजेट विनियोजन गरेका छौं।

## सूचना तथा संचार प्रविधी

- गाउँपालिकाको विभिन्न वडामा फ्री वाईफाई जोनको व्यवस्था गर्नको लागि **रु ५ लाख** विनियोजन गरेको छु।

- गाउँपालिकाका  सबै कार्यालयहरूलाई इन्टरनेटको माध्यमबाट Networking गर्दै E-governance सेवा प्रारम्भ गर्न यसै वर्ष सबै वडा, स्वास्थ्य चौकी र माध्यमिक विद्यालयमा इ-हाजिरीको लागि  **रु ६ लाख** विनियोजन गरेको छु।
- गाउँपालिका भित्र रहेका सम्पूर्ण घरधुरीलाई डिजिटलाईज्ड तरिकाले सूचीकरण गर्दै भिलेज प्रोफाइलको लागि  **रु ६ लाख** विनियोजन गरेको छु।
- बजार क्षेत्रमा हुने सडक दुर्घटना, चोरी डकैतीको लगायतका अपराधिक क्रियाकलापको प्रत्यक्ष निगरानीका लागि मुख्य बजार केन्द्रमा सि सी टिभि जडानका लागि  **रु १० लाख** विनियोजन गरेको छु।
- कार्यालयका सवै शाखाहरुमा आवश्यक सफ्टवयर जडान गरी कार्यालयलाई प्रविधि मैत्री बनाउदै कागज विहिन कार्यालय बनाउनका लागि सफ्टवेयर खरिदका लागि रु  **रु ५ लाख** विनियोजन गरेको छु।
- विद्युत आपूर्ति नभएको समयमा सेवा प्रवाह अवरुद्ध नहोस् भन्नको लागि सबै वडा कार्यालय तथा स्वास्थ्य चौकीहरुमा Solar Power Backup  जडानका लागि रु  **रु १० लाख** विनियोजन गरेको छु।
- गाउँपालिका कार्यालयमा डिजिटल भिडियो डिस्प्ले सहितको नोटिस बोर्ड जडानका लागि  **रु ७ लाख** विनियोजन गरेको छु।

*समग्र सूचना तथा संचार प्रविधिको विकासको लागि रु.४९ **लाख** बजेट विनियोजन गरेको छु।*

कर्मचारी पारिश्रमिक तलव तथा अन्य भत्ता, पदाधिकारी सुविधा भत्ता , कार्यालयमा सेवा प्रवाहमा आवश्यक गर्ने विविध विषय सँग सम्बन्धित कार्यालय सञ्चालन, कार्यक्रम खर्च , वडा कार्यालय सञ्चालन खर्च, स्वास्थ्य शाखा, कृषि शाखा, पशु शाखा, राजश्व शाखा, प्रशासन शाखा,  लेखा शाखा,  प्राविधिक शाखा,  न्यायिक समिति, योजना शाखामा हुने कार्यालय सञ्चालन खर्च, आर्थिक सहायता , ढुवानी , सञ्चार , इन्धन , अन्य सेवा शुल्क , सञ्चालित सामाग्री एवम् मेसिनरी समान मर्मत ,अनुगमन मुल्यांकन , भ्रमण, पुस्तक पत्रपत्रिका, छपाइ  अभिमुखीकरण तालिम, विविध खर्च, सेवा परामर्श खर्च  र गाउँपालिका तथा अन्य प्रशासनिक खर्चको लागि **रु ६ करोड ६३ लाख** बजेट विनियोजन गरेको छु।

- सुचना प्रविधि शाखा, आर्थिक प्रशासन शाखा, योजना शाखा , राजश्व शाखा लगायत अन्य शाखा आधुनिक प्रविधि सहितको सफ्टवेयर प्रणालीबाट सञ्चालन गरिएकोमा त्यसको लागि कर्मचारीलाई पुनर्ताजगी तालिम दिन बजेटमा व्यवस्था गरिएको छ।

- नवौं र दशौं गाउँसभाद्धारा आर्थिक वर्ष २०७८/०७९ को लागि स्वीकृत भएको बजेट तथा कार्यक्रम र कार्यपालिकाको बैठकबाट छनौट गरी कार्यान्वयन भएका सबै योजना तथा कार्यक्रमहरू समेत यस एघारौं गाउँसभाबाट अनुमोदन सहित स्वीकृतीका लागि प्रस्ताव पेश गरेको छु ।

- विभिन्न भैपरी आउने विपद् व्यवस्थापन खर्च तथा प्रकोप व्यवस्थापन कोषबाट भएको सम्पूर्ण खर्च यसै एघारौं गाउँसभाबाट अनुमोदन सहित स्वीकृतीका लागि प्रस्ताव पेश गरेको छु ।

## आर्थिक ऐन र विनियोजन ऐन

- आँधीखोला गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नका निम्ति स्थानीय कर दस्तुर, शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न नेपालको संविधानको धारा -२२८ को उपधारा २ बमोजिम कार्यपालिकाबाट स्वीकृत गरि यस गाउँसभा समक्ष **आर्थिक विधेयक** र सोका अनुसूचीहरू स्वीकृतका लागि यसै साथ पेश गरेको छु ।

- आँधीखोला गाउँपालिका, स्याङ्जाको आर्थिक वर्ष २०७९/०८० को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम कार्यपालिकाबाट स्वीकृत गरी यस गाउँसभा समक्ष **विनियोजन विधेयक यसै** साथ सम्लग्न गरी स्वीकृतिका लागि पेश गरेको छु ।

### सभाध्यक्ष ज्यू एवं आदरणीय उपस्थित महानुभावहरू,

हामीले प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०७९/०८० को आय व्यय अनुमान बजेट कार्यान्वयनबाट संक्रामक लगायत सबै प्रकारका रोगहरूबाट नागरिकको जीवन रक्षा गर्न स्वास्थ्य प्रणाली सुदृढ र सबल हुने, गुणस्तरीय र जीवन उपयोगी शिक्षाको पहुँच अभिवृद्धि हुने, श्रम शक्तिलाई काम तथा रोजगार सुनिश्चित हुने र सबै नागरिकले राज्यबाट क्रमशः सामाजिक सुरक्षा एवम् संरक्षणको अवसर प्राप्त गर्ने व्यवस्थाबाट समुन्नत,सभ्य, सुसंस्कृत र न्याय पूर्ण समाज निर्माणमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा लिएको छु ।

स्थानीय सरकार बनेको अवधिमा खडा गरिएको आर्थिक तथा सामाजिक विकासको जगमा टेकेर आगामी आर्थिक वर्षको बजेटले **"समृद्ध आँधीखोला, सुखी आँधीखोलाबासी"** को आकांक्षा हासिल गर्न नयाँ उत्साहका साथ अघि बढ्न प्रेरित गर्ने विश्वास लिएका छौं । सबै राजनीतिक दल, जनप्रतिनिधि, सामाजिक संघ संस्था,निजी क्षेत्र तथा नागरिक समाजलाई यो उद्देश्य प्राप्ति तर्फ सहकार्यको लागि हार्दिक अपिल र आह्वान गर्दछु।

आर्थिक परिस्थितिको कारण राजस्वमा कमी गाउँपालिकाको अनुमानित आय एवम् राजश्व प्राप्त हुन नसकेको खण्डमा योजना तथा कार्यक्रम आगामी आर्थिक वर्ष कार्यान्वयन एवम् स्रोत सुनिश्चितता गर्न नसकेमा त्यस्ता आयोजनाहरू आर्थिक वर्ष २०८०/०८१ मा कार्यान्वयन हुनेछन् ।

यसै बजेटको परिधिभित्र रहेर आ व २०७९/०८० का योजनाहरू संचालन हुनेछन् । पूर्वाधार तर्फका योजनाहरू फाल्गुन मसान्तसम्म र अन्य कार्यक्रमहरू जेष्ठ मसान्तसम्म कार्यान्वयन भै सक्नुपर्ने विगतको परिपाटीलाई यस आ व मा समेत लागू गर्ने नीतिगत व्यवस्था गरिएको छ । यसले समग्र गाउँपालिकाको भौतिक पूर्वाधार लगायत आर्थिक, सामाजिक क्षेत्रको समग्र विकासमा विगत वर्ष झैँ सकारात्मक प्रभाव पार्नेछ भन्ने आशा गरेको छु । यस गाउँपालिकाको बजेट तयारीको क्रममा विभिन्न चरणहरूमा आ-आफ्नो स्थानबाट मार्गदर्शन दिनुहुने राजनीतिक दल, जनप्रतिनिधि, सामाजिक तथा संघ संस्था, टोल विकास संस्था लगायतका सामाजिक सञ्जालबाट समेत महत्वपूर्ण सल्लाह सुझाव दिनुहुने सम्पूर्ण महानुभावहरूमा हार्दिक आभार ब्यक्त गर्न चाहन्छु । त्यसैगरी सहभागितात्मक योजना तर्जुमाको सुरुवात सँगै आजको यस घोषणा समारोहलाई सफलता पूर्वक सम्पन्न गर्ने समयसम्म महत्वपूर्ण सुझाव, सल्लाह सहित सहयोग पुर्याउनुहुने गाउँपालिकाका पहिलो कार्यकालका अध्यक्ष ज्यू, उपाध्यक्ष ज्यू तथा सम्पूर्ण सभाका सदस्य ज्यूहरु, र अहोरात्र खटेर नीति कार्यक्रम सहित बजेट तर्जूमाका लागि नेतृत्व एवं अभिभावकिय भूमिका प्रदान गर्नुहुने आदरणिय गाउँपालिका अध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यूहरु, गाउँ कार्यपालिका सदस्य ज्यूहरु, गाउँ सभाका सम्पूर्ण सदस्य ज्यूहरु र प्रमुख प्रशासकीय अधिकृत लगायत गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरूलाई हार्दिक धन्यवाद एवं कृतज्ञता प्रकट गर्न चाहन्छु । प्रस्तुत योजना तथा कार्यक्रमहरूको सफल कार्यान्वयनमा सबै पक्षहरूबाट विगत वर्षको झैँ रचनात्मक सहयोग प्राप्त हुने नै छ भन्ने अपेक्षा राखेको छु ।

अन्त्यमा, मुलुकभित्र र बाहिर रहनु भएका, गाउँपालिकाको आधिकारिक सामाजिक सञ्जालबाट प्रत्यक्ष प्रसारणमा जोडिनुभएका सबै दिदीबहिनी तथा दाजुभाइ लगायत सम्मूर्णमा सबल, समृद्ध र न्यायपूर्ण आँधीखोला निर्माणमा योगदान गर्न आव्हान गर्दै बिदा हुन चाहन्छु ।

**धन्यवाद नमस्कार**

**जय आँधीखोला**

**जय आँधीखोला वासी !!**

**सिता थापा**
**उपाध्यक्ष**
**आँधीखोला गाउँपालिका**